CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थितिगत्यात्मक साहित्यिक अभियान माला-१

श्री १००८ विशुद्धोपनिषद्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री स्नेही मित्र नवराज कट्टेलज्यूमा
सादर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ गुरुपरमात्मने नमः ॐ विशुद्धाय नमः

प्रकाशकीय

विश्वकै शिरोभाग सगरमाथाको देश नेपाल धन्य छ । नेपाल आमा धन्य छिन् । नेपाल शैवभूमि हो, पाशुपतभूमि हो, पर्वतराज हिमालयको देश पार्वतीको क्रीडाभूमि हो, शाक्तभूमि हो, पाणिनिले तपस्या गरेको तपोभूमि हो, कौशिकिऋषि विश्वामित्रको तपस्थली पनि हो, राजर्षि जनकको ज्ञानभूमि हो, राजभूमि हो, सीताको जन्मभूमि पनि हो, रामको पदरजद्वारा पावन भएको भूमि पनि हो, भगवान कृष्णका पदद्वारा चुम्वितभूमि पनि हो । बुद्धको जन्मभूमि हो, कर्मभूमि हो, धर्मभूमि पनि हो । निश्चय नै नेपाल ऋषि, महर्षि, राजर्षि र देवर्षिको समेत तपोभूमि, ज्ञानभूमि र कर्मभूमि हो । यो भूमि नै अब विशुद्धभूमि एवं चरित्रभूमिका रुपमा विश्व समक्ष गौरव स्थापित गर्न समर्थ हुनेछ भन्ने कुरा प्रस्तुत श्री १००८ विशुद्धोपनिषद्को लोकार्पणबाट पनि पुष्टि भएको छ । भारतको कश्मिरमा जन्मी विज्ञान, दर्शन र राजनीति शास्त्रमा स्नातकोत्तरसम्म अध्ययन गरी सन्यस्त भई हिमशैलका गुफाहरुमा तपस्या गरी विशुद्धतत्व प्राप्त गरेपछि संसारका ११० देशहरु घुम्दै सगरमाथाको काखमा अवस्थित सानो देश नेपालाई चरित्रभूमिको रुपमा स्थापित गरी यहींबाट विश्वलाई चरित्रको सन्देश दिन आज असी वर्षे उमेरमा पनि निरन्तर तल्लीन रहनुभएका महर्षि स्वामी सच्चिदानन्द विशुद्धदेवले सिङ्गो नेपाललाई मात्र होइन सम्पूर्ण मानव जातिलाई नै ठूलो ऋण लगाउनुभएको छ । गृहस्थाश्रममा बसी निरन्तर ज्ञान, कर्म र भक्तिलाई समन्वित रुपमा व्यवहारमा उतार्दै रहनु भएका साधनारत गृहस्थ शिष्य डा. कृष्ण प्रसाद भट्टराई (कृष्ण विराज) लाई निमित्त बनाएर सम्पूर्ण लोकलाई नै दिनुभएको यो उपनिषद् प्रथम पटक छाप्न पाउने गौरव मिलेकोमा म महिर्ष विशुद्धदेव एवं महर्षिशिष्य विराज प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अन्तमा यस प्रकारको कृपा बारम्बार प्रांप्त होस् भनी विशुद्धतत्वसित सभक्ति प्रार्थना गर्दछु । ॐ शान्तिः शान्तिः शान्ति :

योगेश्वरी भट्टराई
सदस्य
सेन्टर फर स्ट्याटो डाइनामिक इन्टरनेशनल मुभमेन्ट
(सेसडिम)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महर्षि : स्वामी सच्चिदानन्द विशुद्धदेव

उपनिषद्‌शिष्य तथा पद्यरचनाकार : डा. कृष्ण प्रसाद भट्टराई (कृष्ण विराज)

प्रकाशन सल्लाहकार : ऋषिकुमार श्रद्धानन्द

प्रकाशन : योगेश्वरी भट्टराई

प्रकाशनको सर्वाधिकार : डा. कृष्ण प्रसाद भट्टराईमा सुरक्षित
(पूर्व अनुमतिविना यस ग्रन्थको प्रकाशन गर्न निषेध गरिएको छ ।)

आवरण कला : हिक्मत सिंह

कम्प्युटर सेटिङ्ग : प्रकाश श्रेष्ठ

मुद्रक : न्यू अमृत प्रेस (पुतली सडक)

वितरक:

- हंसदायोगाश्रम, चरित्रपुर (जनागाल) बनेपा, फोन नं. ०११-६१५३६
- सेन्टर फर स्ट्याटो डाइनामिक इन्टरनेशनल मुभमेन्ट फोन : ४८३५६४
- चरित्र निर्माण संघ, केन्द्रीय कार्यालय, काठमाडौं ।
- विश्रान्तिमन्दिर, धरान ।
- विश्व भाषा तथा साहित्य प्रतिष्ठान, काठमाडौं ।
- पशुपति पुस्तक भण्डार, पुरानो बानेश्वर चोक ।

मूल्य : रु २५७।- (सहयोगार्थ)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-सूची

अध्याय	विषय	पेज नं.
१.	सप्रार्थना विषयप्रवेश	१
२.	जन्म-जीवन-जिज्ञासा	६
३.	सृष्टि र परमात्माका कला	१०
४.	कर्म, शरीर र चरित्र	१३
५	चरित्रयोग-महिमा	१६
६.	आत्मज्ञान	१९
७.	मुक्ति	२३
८.	परमात्मज्ञान	२६
९	आत्मा-परमात्मा-भेदज्ञान	३०
१०.	त्रियोगको संगम-पूर्णयोग	३६
११.	कर्मयोग	३८
१२.	ज्ञानयोग	५४
१३.	सांख्ययोग	८७
१४.	भक्तियोग	९१
१५.	ज्ञान-भक्ति-कर्मसमन्वय	१०६
१६.	परिपूर्णयोग	११४
१७.	दशाङ्गयोग	११९
१८.	उपसंहार	१४९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रथम अध्याय

प्रार्थना : हे सच्चिदानन्द-विशुद्धतत्व !
छौ पूर्ण,बन्छौ सबको महत्व
विशुद्धता जीवनमै उतारी
स्वीकार यो जीवन पूर्णपारी

परंपिता ! हौ जगदेवदेव !
हौ सत्य ! प्राणेश्वर ! वासुदेव !
आधार ! कर्मेश्वर ! हे अपार !
हर्ता र धर्ता ! करुणावतार !

सृष्टि स्वयंमा विधि-व्रम्हतत्व
स्थिति स्वयंमा प्रभु ! विष्णुतत्व
लय स्वयंमा शिव-शैवतत्व
छ नाथ ! तिम्रै सबमा महत्व

हौ तेजतापोमय शक्तितत्व
सत्कर्ममा प्रेरक कृष्णतत्व
विश्वात्म-वैश्वानर-रामतत्व
हौ सर्वज्ञाता ! परमात्मतत्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हौ बौद्धका वन्दित बौद्धतत्व
हौ जैन-संपूजित जैनतत्व
तिमी स्वयं हौ गुरु-ज्ञानतत्व
अमोघ-ओंकार-अनन्ततत्व

विचार-विज्ञान-विवेकदाता !
तिमी परंशक्ति र शुद्धिदाता
ब्रम्हाण्ड तिम्रै परिपूर्ण धाम
हे जीवका जीवन ! आंत्मराम !!

हे ब्रम्हऊर्जा ! जगदीश्वर हे !!
चैतन्य ! साक्षात् परमेश्वर हे !!
आदर्श यै जीवनमै उतारी
स्वीकार यो जीवन धन्यपारी

अज्ञानता छन् मुररुपधारी
द्यौ मुक्ति ज्ञानेश्वर ! हे मुरारी !!
सद्ज्ञानगंगा दिलमा बगाऊ
मनुष्यमा मानवता जगाऊ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जे नाम राख्यो,जुन बन्छ, सोही
तिमी त्यही हौ, पर छैन कोही
हे निर्विकारी ! परिपूर्ण सिन्धु !
हे सिन्धु !तिम्रै म त एक बिन्दु

सद्ज्ञान, सत्कर्म र भक्तिदाता !
स्वयं तिमीं हौं सबका विधाता
विश्वेश ! हे अच्युत ! लोकनाथ !
कैल्यै नहोस् क्वै जगमा अनाथ

हे नाथ ! हे ईश्वर-अंशुमालि !
मनुष्य हो चेतनदीप खालि
चरित्र नै चेतनमा जगाई
स्वीकार विश्वेश्वर ! विश्वलाई

विराज : भै ब्राम्हणै ब्राम्हण-बंशधर्मी
परंपरामै स्थित-धर्मकर्मी
पिता र माता जगदेव-सेवी
पाएर विद्यापति, रामदेवी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुर्कें, बढें जीवन, जन्म पाई
चिसंखु सेर्नास्थलमै रमाई
वशिष्टगोत्री थर-भट्टराई
र कृष्ण भन्छन् सबले मलाई

माता पिताको शुरुवर्ण जोडी
र जन्मको "ज" यसमा नछोडी
विराज भन्ने उपनाम राखी
हिंड्दैछु यो जीवन, जन्म चाखी

सुशास्त्र पढ्दै सब एकएक
जागेर आयो जब सद्विवेक
घुमीघुमी सद्गुरु खोज्न आएँ
र भाग्यले सद्गुरुदेव पाएँ

सान्निध्यका ती गत पन्ध्र बर्ष
बिते नि संझे पछि लाग्छ हर्ष
आज्ञा मिले गर्दछ विन्ति आज
प्रणाम गर्दै गुरुमा विराज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशुद्ध : जुनी-जुनी त्यै तपमै तपाई
विशुद्धताको सब तत्व पाई
चरित्र मान्छेहरुमा जगाई
उद्धार गर्ने मन भो मलाई

संसारका सुन्दर देश घुम्दै
सद्भक्ति - ज्ञानोदित - कर्म चुम्दै
नेपाल आएँ जब घुम्नलाई
चुमेर राख्यो यसले मलाई

नेपाल नै सुन्दर तीर्थ रैछ
र तीर्थको नै पनि तीर्थ रैछ
यै तीर्थमा तीर्थ बनेर आएँ
भै तीर्थ, तीर्थैसित मै रमाएँ

छ हंसदा आश्रम पूर्ण आज
बन्दैछ यै नै अब तीर्थराज
जे प्रश्न गर्छौ गर हे ! विराज !!
लाग्दैछ बर्षा बनिदिन्छु आज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोस्रो अध्याय

विराज : केले यहाँ मानव्-जन्म पाएँ
यो जन्म खै ! के किन भोग्न आएँ
मनुष्यको जीवन लक्ष्यलाई
जान्नेछ इच्छा अहिले मलाई

विशुद्ध : संस्कारले मानव जन्म पायौ
संस्कारकै संस्कृति भोग्न आयौ
संस्कार जन्मान्तर भित्र घुम्छ
संस्कारले जीवन-जन्म चुम्छ

संस्कार मेटी मन शुद्ध पार
विशुद्ध होस् चेतनको मुहार
विशुद्ध आत्मा-परमात्मयोग
गर्दै तिमी जीवन पूर्ण भोग

यै हो परं मानव- लक्ष्य भन्ने
यै लक्ष्य हो जीवन पूर्ण बन्ने
के भो मसंगै भन हे विराज!
उत्कण्ठता देख्तछु दिव्य आज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : बन्दैछु चाँडै कि त मै खरानी
मेटिन्न तिर्खा जति खान्छु पानी
म भित्र आगो अब बल्न थाल्यो
र जोडले यो मुटु चल्न थाल्यो

विशुद्ध : भोको भए भोजन माग्छ देह
तिर्खाउँदा क्यै जल माग्छ देह
भोको भए चेतन ज्ञान माग्छ
र ध्यानको क्यै जलपान माग्छ

बुझ्दैछु तिम्रो स्थिति भित्रभित्र
ज्वालामुखी छन् अहिले विचित्र
हौं ज्ञानका पात्र तिमी विराज !
म दिन्छु जम्मै सुन ज्ञान आज

छन् प्रश्नमै उत्तर खोज्न जाऊ
खोजीसितै जीवन रोज्न जाऊ
सोध्दा र खोज्दा पनि होश राख
र होशको जीवनभोग चाख

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के भो असाध्यै म त छट्पटाए
          र छट्पटीमै गुरु भेट्न आएँ
छ - कारण क्यै यसमा अवश्य
          म जान्न पाऊँ यसको रहस्य

विशुद्ध : उँभो-उँभो चेतन चढ्न थाल्यो
          र छट्पटी क्यै अझ बढ्न थाल्यो
जाग्दैछ तिम्रो दिलमा प्रकाश
          दु:खी नहौ क्यै बरु मस्त हाँस

लाग्यो कि तिर्खा मुटु जल्न थाल्छ
          र चेतनामा गति चल्न थाल्छ
जो चेतनामा पनि छट्पटायो
          ऊ घाम भै जीवनमा उदायो

तिर्खा त हो तड्पनको मुहान
          र तड्पनै जीवनको बिहान
बिहानको अमृत चुम्न जाऊ
          यात्रा छ भित्रैतिर, घुम्न जाऊ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : स्वयं मभित्रै कसरी पसूँ म
स्वयं मभित्रै कसरी बसूँ म
सुनी कुरा यो म त छक्क पर्छु
कि लाग्छ भित्रै नपसी म मर्छु

विशुद्ध : जान्दैनजाने सब हुन्छ गाह्रो
जानेर आए पछि के छ गाह्रो
सकिन्छ जानेपछि भित्र जान
झुट्टो कुरा हो कि भनी नठान

प्रयास पैले गर भित्र पस्न
हुदैन गाह्रो अनि भित्र बस्न
प्रयत्न मात्रै गर बारबार
पसिन्छ पक्कै पनि एकबार

छ प्राण तिम्रो जसरी पसेको
छ प्राण भित्रै जसरी बसेको
त्यै प्राणलाई यसरी समाऊ
कि फुत्त आफै पनि भित्र जाऊ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेस्रो अध्याय

विराज : त्यो प्राण के हो कुन रंगमा छ
र प्राण मेरो कुन अंगमा छ
त्यो प्राण आफै किन भित्र पस्छ
र भित्र एक्लै कतिबेर बस्छ

विशुद्ध : अरङ्गको रङ्ग हुने तरङ्ग
जो व्याप्त भै बस्तछ अङ्गअङ्ग
त्यै प्राण हो, त्यै अनि हो अपान
त्यो व्यान हो, त्यै अनि हो समान

त्यै प्राण हौं बन्दछ - जो अनेक
अनेक भै जीवन दिन्छ एक
ऊ भित्रको जीवन चुम्न पस्छ
र भोग भोग्ने दिन सम्म बस्छ

त्यै प्राण नैं शाश्वत चेतना हो
संवेदना हो, अनि वेदना हो
त्यै चेतना हो - गतिकालयोग
रहन्न चोला - जब भो वियोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के हो गति त्यो, अनि काल के हो
वियोगधर्मी गतिकाल के हो
के भै हुने हो - गतिकालयोग
र हुन्छ केले यसको वियोग

विशुद्ध : जो ब्रम्हऊर्जा जगमा छ टम्म
खुम्चिन्छ फैलिन्छ अनन्त सम्म
त्यै कर्मको कम्पनमा छ चाल
त्यै चाल नै हो बुझ सूक्ष्म काल

जो चक्र जस्तै अविराम घुम्छ
घुमीघुमी सृष्टि अनन्त चुम्छ
त्यो वेग, जो केवल चालमा छ
गति त्यही हो जुन कालमा छ

गति त्यसैले पनि भावना हो
र भावनाको फल चेतना हो
यै चेतना हो गतिकालयोग
जहा सबैको छ सधैं वियोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : पैलो कला हो गतिशील काल
दोस्रो कला सुन्दर भाव- चाल
हो प्राण तेस्रो- जुन चेतना हो
चौंथौ हुने सुन्दर के कला हो

विशुद्ध : सर्वत्र नै कम्पनमा छ चाल
त्यै चाल नै बन्दछ पूर्णकाल
हो प्राण नै शाश्वत कालधर्म
यै चेतना हो, जुन बन्छ कर्म

जहाँ छ काल, त्यसमै छ चाल
जहाँ छ चाल, त्यसमै छ काल
यै कालमा चाल र चेतना छ
र प्राणमा चिन्मय भावना छ

जहाँ छ, यै चिन्मय भावभक्ति
चौथो कला बन्दछ - कर्मशक्ति
हो कर्मशक्ति अनमोल हार
हो जिन्दगीको परिपूर्ण सार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौंथो अध्याय

विराज : यो कर्मको भो किन यो महत्व
के कर्म नै हो सब सारतत्व
के जिन्दगीको अरु पक्ष छैन
के कर्म भन्दा अरु लक्ष्य छैन

विशुद्ध : हो कर्म पूजा, अनि अर्चना हो
हो प्रार्थना यो, अनि वन्दना हो
जहाँ छ श्रद्धा, अनि भक्तिभाव
न ज्ञानको छ, यसमा अभाव

यो आरती हो, जुन भित्र बल्छ
यो यज्ञ हो, जो अविराम चल्छ
यै हो तपस्या अनि मुक्तिदाता
यै हो स्वधर्म, सुखको विधाता

यै कर्म नै हो गतिशील यात्रा
हो साधनाको परिपूर्ण मात्रा
यो कर्म हो साधनपूर्ण पक्ष
हो जिन्दगीको अरु नै छ लक्ष्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : हो साधना केवल कर्मपक्ष
र जिन्दगीको अरु नै छ लक्ष्य
जाने कता हो कुन दिव्य ठाउँ
र लक्ष्य के हो अत्र आनन्द पाऊ

विशुद्ध : सम्पूर्णतामा, परिपूर्णतामा
व्रम्हाण्डको शाश्वत एकतामा
जहाँ तिमीथ्यौ, जसबाट आयौ
यो जिन्दगानी जसबाट पायौ

जाऊ स्वयंमा पस भित्रभित्र
देख्छौ त्यहाँ जीवन नै विचित्र
छ भित्र तिम्रै रमणीय देश
छ दिव्य भाषा, अनि दिव्य भेष

ओंकारको झङ्कृत चल्छ राग
सधैं - सधैं फुल्दछ दिव्य वाग
छ भित्र आफ्नै परिपूर्ण पक्ष
त्यै मूल भेट्ने सबको छ लक्ष्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : भित्रै छ चोखो जव आत्मतत्व
शरीरको के अब भो महत्व
शरीर बिर्सी कि त भित्रभित्र
खोज्दै पसे मिल्छ कि दिव्यचित्र

विशुद्ध : यो भूलमा खै ! किन भुल्न खोज्छौ
आकाशमा गै किन फुल्न खोज्छौ
शरीर बिग्रे पछि आत्मतत्व
पाएर के भो त्यसको महत्व

शरीर नै हो, सुन ! पुण्यधाम
छन् देवदेवी यसमै तमाम
शरीर हो साधन भित्र पस्ने
यो तीर्थ हो ईश्वर वास बस्ने

शरीरबाटै शुरु होस् चरित्र
चरित्र होस् - सुन्दर, होस् पवित्र
पवित्र होस् बाहिर- भित्र सम्म
हेर्दा सबै सुन्दर होस् अचम्म !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाँचौं अध्याय

विराज : खोज्नै छ चोखो अब आत्मतत्व
शरीरको यो नभुली महत्व
यो, जो बुझें, त्यो सब धान्न पाऊँ
चरित्र के हो अनि जान्न पाऊँ

विशुद्ध : शरीरको सुन्दरता समाली
विवेकको दीपक भित्र बाली
समूल नाशी सब अन्धकार
हेरेर भित्री दुनियाँ अपार

चिनेर आए पछि आत्मतत्व
बुझ्छौ तिमी जीवनको महत्व
ज्ञानी बनी जो जति कर्म गर्छौं
सत्कर्मले कल्मष - दुःख हर्छौं

आदर्श होऊ, हुनगै प्रशान्त
नभै कतै क्वै क्षणमा अशान्त
चरित्र नै सुन्दर बन्छ यस्तो
बन्छौ स्वयं नै पनि पद्मजस्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : चरित्र भन्ने कुन धर्म हो यो
चरित्र भन्ने कुन कर्म हो यो
कि ज्ञान हो यो, कि त भक्ति हो यो
कि भित्रको जीवन- शक्ति हो यो

विशुद्ध : चरित्र हो - शाश्वत धर्म बन्ने
चरित्र हो - मानव कर्म भन्ने
चरित्र यो - ज्ञान र भक्ति नै हो
चरित्र यो - जीवनशक्ति नै हो

के धर्म भो त्यो - नभए चरित्र
के कर्म भो त्यो - नभए चरित्र
के भक्ति भो त्यो - नभए चरित्र
के शक्ति भो त्यो - नभए चरित्र

हो धर्मको सार सफा चरित्र
हो कर्मको सार सफा चरित्र
चरित्र नै हो सब भावभक्ति
संसार हाक्ने यसमै छ शक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : चरित्र के हो - कुन धर्मशाखा
शाखा न भै यो कि त हो प्रशाखा
चरित्र बुझ्ने कुन हो उपाय
यो हो कि अर्कै नव - सम्प्रदाय

विशुद्ध : जहाँ तिमी छौं, जुन धर्ममा छौं
जे छौ, जहाँ छौ, जुन कर्ममा छौ
त्यै धर्मको मर्म त हो चरित्र
स्वीकार बन्छौ अति नै पवित्र

चरित्र हो यो न त धर्मशाखा
शाखा समेट्ने न त हो प्रशाखा
चरित्र जान्यौ, सब धर्म जान्यौ
चरित्र मान्यौ, सब धर्म मान्यौ

चरित्र नै हो गति - धर्म तान्ने
चरित्र नै हो स्थिति - धर्म धान्ने
चरित्र हो जीवन - मूलधारा
नसंझ यो केबल एक नारा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छैटौं अध्याय

विराज : चिनौं म आफैं कसरी मलाई
गाह्रो भयो "मै" पनि भन्नलाई
मेरो मनै दीपक मान्न पाऊँ
स्वयं म को हूँ यति जान्न पाऊँ

विशुद्ध : आऊ, मसंगै अझ भित्र जाऊँ
त्यै ज्ञान-गंगासित मुस्कुराऊँ
छ जिन्दगीमा दुइ भिन्न तत्व
शरीर यौटा, अनि आत्मतत्व

शरीर देख्यौ ? गतिशील कस्तो !
पलापलामै बदलिन्छ यस्तो
परन्तु आत्मा बदलिन्न कैल्यै
जाँचेर हेरे पनि हुन्छ ऐल्यै

तिमी स्वयं हौं र त आत्मतत्व
छ जिन्दगीको यतिको महत्व
तिमी स्वयं हौ स्थिति, भित्र चल्ने
हौ भित्रको ज्योति बनेर बल्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : आत्मा छ केले कसरी बनेको
आत्मा भनी खै ! किन हो भनेको
आत्मा कहाँ छ, कुन अंगमा छ
आत्मा भनेको कुन रंगमा छ

विशुद्ध : छ ब्रम्हऊर्जा जगमा सशक्त
स्वतेजबाटै जगमा विभक्त
विभक्त ऊर्जा जब रुप लिन्छ
आत्मा बनी सुन्दर देह दिन्छ

त्यही परं सुन्दर दिव्य तत्व
छ देहमा भो अनि यो महत्व
जो व्याप्त भै बस्तछ अङ्गअङ्ग
बनेर आफैं मुटुको तरङ्ग

स्रष्टा उही हो, सब रङ्ग फेर्ने
द्रष्टा उही हो, सब रङ्ग हेर्ने
ऊ रंगको केवल बोक्छ भारी
र फाल्छ भारी जब तार्छ पारी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : आत्मा स्वयं नै किन भो भरिया
आत्मा स्वयं भो कसरी करिया
यो भार तार्ने किन हुन्न बेला
गर्दैछ आफैं किन यो अबेला

विशुद्ध : जो ब्रम्हऊर्जासित भो वियोग
भएन आफै जब फेरि योग
इच्छा स्वयं चेतनमा उदायो
र बासनाले धमिलो बनायो

आकार लियो जब बासनाले
ओंकार छोड्यो अनि चेतनाले
आत्मा अहंले हुनगो भरिया
र बासनाले हुनगो करिया

चिनेर आफ्नै रुप शुद्धबुद्ध
आफैं नभै चेतन नै विशुद्ध
सक्तैन भारी पनि पारी तार्न
नसक्छ यो जीवन मुक्त पार्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : छ मूल आफ्नो रुप शुद्धबुद्ध
अज्ञानताले तर भो अशुद्ध
अशुद्ध यो चेतन, देहफाली
जाने कता हो कुन दीप बाली

विशुद्ध : अशुद्ध यो चेतन, देहफाली
हिड्दैन बाबू ! सुन !! दीप बाली
ती देहधर्मी सुखदुःख चुम्दै
तड्पिन्छ जन्मान्तर भित्र घुम्दै

डोरिन्छ यो चेतन बासनाले
अन्योलमा पर्दछ शासनाले
जुनी लिदै छोड्दछ बारबार
ऊ बन्छ मान्छे अनि एकबार

विशुद्धता हो सब सारपक्ष
र मुक्ति हो अन्तिम एक लक्ष्य
अज्ञानताको जड पाल्नु हुन्न
मान्छे बनी, जीवन फाल्नुहुन्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सातौं अध्याय

विराज : विशुद्धताको कुन हो चरित्र
चरित्र कस्तो हुनुपर्छ भित्र
चरित्रलाई कसरी जगाऊँ
समाजमा यो कसरी लगाऊँ

विशुद्ध : खोजी सबै बाहिर अन्त- अन्त
भेटिन्न भित्रै नपसी अनन्त
श्रद्धा स्वयंमा गर, भित्र जाऊ
चैतन्य भै चेतन हे ! रमाऊँ

सिसा बनेझैं बन पारदर्शी
हौ कर्मयोगी अनि हौ महर्षि
संसारलाई चुम बारबार
मैलो भने चेतनमा नपार

संसार भोग्ने त्यति जुक्ति जाने
छ भुक्ति भित्रै पनि मुक्ति जाने
भै दीप नै दीप समग्र बाल
कालो अँध्यारो सब रात फाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : त्यो मुक्ति के हो ? कुन हो विधाता
कहाँ छ खै ! शाश्वत मुक्तिदाता
त्यो मुक्ति पाए कुन मिल्छ ठाउँ
यो सत्यलाई पनि जान्न पाऊँ

विशुद्ध : मुक्ति स्वयं हो न त इन्द्रजाल
न लोक हो यो, न त भूतकाल
न मृत्यु हो यो न त हो भविष्य
हो बर्तमान - घटना अवश्य

स्वयं त हो जीवन मुक्तिदाता
स्वयं त हो जीवनको विधाता
छ मुक्ति नै मुक्ति छ यो थलामा
हौ मुक्त बाबू ! अब यै पलामा

चैतन्यमा चेतन मिल्न आयो
कि जीवले जीवन मुक्ति पायो
चैतन्य यै चेतनबाट छोऊ
बाबू ! तिमी तत्क्षण मुक्त होऊ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : मुक्ति स्वयं नै पनि भुक्ति बन्ने
र भुक्ति आफैं पनि मुक्ति बन्ने
के हो अवस्था कसरी म मानूँ
त्यो मान्नु पर्ने जति सत्य जानूँ

विशुद्ध : चैतन्यमा चेतन नै मिलाई
आत्मानुभूति स्वत सिद्ध पाई
जो मुक्त भै जीवन भोग गर्छ
ऊ भोगमा नै पनि योग गर्छ

जो भोग भोगे पनि बन्छ योग
र योग नै बन्दछ दिव्य भोग
मुक्ति त्यही हो जुन बन्छ भुक्ति
र भुक्ति त्यै हो जुन बन्छ मुक्ति

यही त हो- जीवनमुक्ति भन्ने
यही त हो - जीवनभुक्ति भन्ने
यै मुक्ति हो आखिर खोज्नु पर्ने
सबै सबैले पनि रोज्नु पर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आठौं अध्याय

विराज : चैतन्य के हो, कुन धाममा छ
ऐले स्वयं ऊ कुन काममा छ
कहाँ छ ,के गर्दछ, जान्न पाऊँ
ज्ञानी बनी जीवन धान्न पाऊँ

विशुद्ध : ब्रम्हाण्डभित्रै परिपूर्ण तत्व
संसारको केबल सारसत्व
चैतन्य त्यै हो बुझ्न जान्नुपर्छ
जानेर आफै अनि मान्नुपर्छ

ऊ छैन - भन्ने पनि धाम छैन
गर्दैन - भन्ने पनि काम छैन
भनौं कसोरी कुन एक धाम
भनौं कसोरी कुन एक काम

चैतन्यलाई जब जानिदैन
जान्दैनजाने पछि मानिदैन
आऊ स्वयं जाग र भित्र जाऊ
चैतन्य त्यै चेतनले समाऊ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : चैतन्यमा खै ! गुणधर्म के छन्
म जान्न पाऊँ अनि कर्म के छन्
चैतन्यको चेतन के म मानौं
यो जान्नुपर्ने अब सत्य जानौं

विशुद्ध : यै सत्य हो, चिन्मय यै छ - नित्य
यो भिन्न जे छन्, सब छन् अनित्य
यै आदि, यै शाश्वत, यै अनन्त
अनन्तताको न त हुन्छ अन्त

ओंकार यै हो अनि निर्विकार
यै हो परं जीवन- तत्व- सार
यै शक्तिदाता ,बलबुद्धिदाता
यै ब्रम्हऊर्जा, सबको विधाता

हर्ता र धर्ता, करुणावतार
आधार यै हो अनि यै अपार
चैतन्य यै हो - परिपूर्ण सिन्धु
यै सिन्धुको - चेतन एक बिन्दु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : आत्मा र यो चेतन हुन् कि भिन्न
कि नाम भिन्नै तर हुन् अभिन्न
शंका भयो यो पनि जान्न पाऊँ
छर्लङ्ग भो लौ अब भन्न पाऊँ

विशुद्ध : आत्मा त्यही चेतनतत्व जान
क्यै भिन्नता छैन भनेर मान
त्यै प्राण -शक्ति, अनि चेतना त्यै
र जीवको शाश्वत जिन्दगी त्यै

विचार- विज्ञान- विवेक- दाता
त्यही परं शक्ति र शुद्धिदाता
तिमी त्यही चेतनको विकास
तिमी त्यही चेतनको प्रकाश

छन् नाम धेरै बुंभ्र शब्दजाल
र शब्दमा जीवन यो नफाल
छिटै समाऊ बरु सार- सत्व
छ जिन्दगीको यसमै महत्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : चैतन्य नै हो परमात्मतत्व
कि हुन् दुवै विल्कुल भिन्न तत्व
निर्धक्क शंका अब मेट्न पाऊँ
र जिन्दगीको रस भेट्न पाऊँ

विशुद्ध : चैतन्य नै हो परमात्मतत्व
त्यै तत्व नै हो सब सार-तत्व
त्यै व्रम्हऊर्जा , परमेश्वर त्यै
हो ईश्वर त्यै, जगदीश्वर त्यै

परं पिता त्यै, अनि बासुदेव
त्यै पूर्ण हो , त्यै जगदेवदेव
जे नाम देऊ बनिदिन्छ सोही
त्यो तत्वभन्दा पर छैन कोही

छ भिन्नता केबल शब्दभित्र
छोडेर आऊ अब शब्दचित्र
छन् नाम धेरै, तर एक तत्व
त्यै तत्व नै हो सबको महत्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवौं अध्याय

विराज : चैतन्यको चेतनसंग नाता
सम्बन्ध के हो, अनि को विधाता
चैतन्य नै चेतनरुप मानौं
कि भिन्न- भिन्नै दुइटै म ठानौं

विशुद्ध : समष्टि यौटा जगको प्रकाश
र व्यष्टि यौटा त्यसकै विकास
ठूलो छ यौटा अनि एक सानु
यै भिन्नता हो कति भिन्न मानूँ

चैतन्य हो त्यो परिपूर्ण अंशी
र अंश हो -चेतन -पूर्ण बंशी
चैतन्य हो त्यो परिपूर्ण अंगी
र अंग हो चेतन - कामरंगी

चैतन्य हो जगमग अंशुमालि
हो जीव यो चेतन - दीप खालि
व्रम्हाण्डदेखिन् परमाणुसम्म
चैतन्य नै व्यापक हुन्छ टम्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : छ देहमा चेतन बाँधिएको
जताततै यै र छ खाँदिएको
अंशी छ मुक्तै, जुन युक्त छैन
र अंश हो यो, किन मुक्त छैन

विशुद्ध : यो अंश, अंशीसित छुट्टिनाले
तड्पिन्छ आफैं जब वेदनाले
जन्मिन्छ इच्छा पुन मिल्छु भन्ने
त्यै कामना हो अभिमान बन्ने

यो जीवमा जेजति भिन्नता छ
त्यै भिन्नता हो अभिमान जे छ
छ त्यै अहंले यति खाँदिएको
आजन्म- जन्मान्तर बाँधिएको

स्वयं "अहं" यो जब फालिदिन्छ
र बासना नै सब बालिदिन्छ
ऊ चिन्छ आफ्नै जब रुप शुद्ध
चैतन्यमै मिल्दछ भै विशुद्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के भो मलाई डर लाग्न थाल्यो
गुरुत्वमा नै भर लाग्न थाल्यो
को हूँ म आफैं अब जान्न पाऊँ
र ज्ञानको गौरव मान्न पाऊँ

विशुद्ध : सोच्छौ तिमी जो - मत हूँ विराज
हैनौ तिमी त्यो - अरु नै छ राज
छ भित्र तिम्रो अति नै महत्व
तिमी स्वयं हौ परमात्मतत्व

त्रिकाल आफैं, अनि काल आफैं
गति स्वयं हौ, गतिशील आफैं
हौ चेतनाको परिपूर्ण धर्म
छ भित्र तिम्रै सब दिव्य कर्म

आकाश भित्रै, जल - वायु भित्रै
छ अग्नि भित्रै, पृथिवी छ भित्रै
छ शब्द भित्रै, रस गन्ध भित्रै
छ स्पर्श भित्रै, सब तत्व भित्रै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सुन्दैछु यस्तो किन हो म आज
अर्के भएँ क्वै कि त हूँ विराज
के के छ भित्रै अरु जान्न पाऊँ
म ज्ञानको गौरव मान्न पाऊँ

विशुद्ध : हौ भूत आफैं, सबको मुहान
भविष्य आफैं, अनि वर्तमान
छन् भित्र तिम्रै सब धर्मलोक
त्रिलोक भित्रै, अनि सप्तलोक

छन् सृष्टि भित्रै अनि छन् विधाता
छन् विष्णु भित्रै जगपालदाता
छन् रुद्र भित्रै, लय चल्छ भित्रै
छन् देव-देवी सब भित्र-भित्रै

छ भित्र तिम्रै त्यति दिव्य फाँट
तिमी स्वयं छौ रुपमा विराट
ब्रम्हाण्ड तिम्रै मुटुभित्र चल्छन्
र सूर्य-तारा- ग्रह - पिण्ड बल्छन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : अहो ! म थाकें किन यो विचित्र
घुस्तैन मेरो किन बुद्धिभित्र
यो के भएको अब जान्न पाऊँ
म ज्ञानको गौरव मान्न पाऊँ

विशुद्ध : स्वयं तिमी हौ जब सारतत्व
अखण्ड बल्ने परिपूर्ण तत्वं
आयो तिमीमा कसरी थकाई
आश्चर्य लाग्यो - अहिले मलाई

हौं अंश, अंशी - परमात्मतत्व
तत्वांश हौ त्यै अनि आत्मतत्व
थाक्यौ कसोरी सुन हे ! विराज!!
थाकेंछु भन्दा अब हुन्छ लाज

स्वयं स्वयंकै मुटुको धुरा हो
जो वुद्धि भन्दा परको कुरा हो
थाक्यो "अहं"क्यै जुन हुन्छ जाली
थाक्तैछ तिम्रो मन- बुद्धि खाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज :: थाकी "अहं" क्यै मनबुद्धि थाकी
र देह थाक्यो सब अंग थाकी
सर्वाङ्गमा जीवन पूर्ण थाकी
थाक्तै न थाक्ने अब के छ बाँकी

विशुद्ध : प्युँदै अहंको मदिरा रमाई
त्यै चित्तले चुम्दछ बुद्धिलाई
विचारको दीपक बल्न थाल्छ
तरङ्ग बोकी मन चल्न थाल्छ

संकल्प गर्दै र विकल्प भर्दै
संसारको भौतिक रुप चर्दै
थाक्तै गयो मानसदीप खाली
बल्थ्यो र के वर्तन नै नहाली

थाके " अहं " ती मनबुद्धि थाके
र देहभित्र सब अंग थाके
थाक्तै न थाक्ने जुन हुन्छ बाँकी
त्यै तत्व हौं, खोज न लक्ष्य ताकी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दशौं अध्याय

विराज : बुझ्नें नथाक्ने रह्छु तत्व बाँकी
हिड्नेछु आँफैं अब लक्ष्य ताकी
त्यो लक्ष्य भेट्न कुन मार्ग जाऊँ
सन्मार्ग के हो अब जान्न पाऊँ ?

विशुद्ध : छ ज्ञानमै भक्ति र कर्मयोग
छ भक्तिमै ज्ञान र कर्मयोग
छ कर्ममै ज्ञान र भक्तियोग
त्रियोग नै हो परिपूर्णयोग

देखिन्छ हेर्दा सब योग भिन्न
यथार्थमा यी सब छन् अभिन्न
पैले यही सुन्दर योग रोज
र योग भन्दा पर पुग्न खोज

न बोक केही दिलभित्र बोझ
जो हुन्छ चाँडै अघि बढ्न खोज
सन्मार्ग हो त्यै जुन जान्छ माथि
जहाँ छ आत्मारुप- राम साथी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : त्रिमार्ग मध्ये कुन मार्ग रोजूँ
सद्धर्म के हो कुन धर्म खोजूँ
कसो गरे मिल्दछ भुक्ति-मुक्ति
म जान्न पाऊँ अब सत्य जुक्ति

विशुद्ध : सद्भक्ति, सद्ज्ञान र कर्मयोग
मिलेर नै बन्दछ धर्मयोग
त्रियोग गर्दै बुझ्न एकएक
विवेकको घाम कतै नछेक

छन् मार्ग धेरै सब छन् पवित्र
पवित्रताको जग हो चरित्र
यै भक्ति, यै ज्ञान र कर्मयोग
त्रियोगको संगम-पूर्णयोग

यै हो त्रिवेणी मल साफ गर्ने
सम्पूर्ण ती संचित पाप हर्ने
गर्दै यहीं स्नान तिमी रमाऊ
यै जन्ममा भुक्ति र मुक्ति पाऊ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एघारौं अध्याय

विराज : छ चित्त मैलो अभिमान फैली
छन् कर्म मैला मन-बुद्धि मैली
छन् कर्म, छैनन्-सुख,शान्ति, भोग
खै ! के गरी बन्दछ कर्मयोग

विशुद्ध : सद्ज्ञानमा होस् मन पूर्ण मुक्त
र कर्म होस् भाव र भक्तियुक्त
सद्भाव भक्तिसित होस् विवेक
त्यै कर्म नै बन्दछ पूर्ण एक

इच्छा बनोस् शून्य सभान यस्तो
आकाशको व्यापक रुप जस्तो
होस् शून्य इच्छा अनि कर्म एक
विभक्त गर्ने विधि होस् विवेक

विभक्त गर्दा फल होस् अनन्त
अनन्तमै जीवन होस् बसन्त
यै कर्मशैली बुझ कर्मयोग
भै कर्मयोगी सुखशान्ति भोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : चाहान्छु इच्छा जब शून्य पार्न
इच्छा अझै बढ्दछ थाल्छु हार्न
इच्छा कसोरी अब शून्य पारुँ
जानी कला लौ न जुनी सपारुँ

विशुद्ध : इच्छा बढाए अझ बढ्छ इच्छा
इच्छा घटाए अझ बढ्छ इच्छा
इच्छा घटाऊ अथवा बढाऊ
लाग्नेछ तिम्रै दिलभित्र घाऊ

इच्छा भनेको मनजन्य छायाँ
कैल्यै नछुट्ने गतिशील माया
इच्छा स्वयं हो मनको स्वभाव
र शून्यता हो मनको अभाव

समष्टिमा गैकन बारबार
आकाश जस्तै मन शून्य पार
इच्छा बनोस् शाश्वत शून्य यस्तो
होस् बोध हेर्दै परिपूर्ण जस्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के शून्य नै हो - कि त पूर्ण भाव
के पूर्णता हो सबको अभाव
के शून्य इच्छा परिपूर्ण ठाँनू
के पूर्ण इच्छा पनि शून्य मानूँ

विशुद्ध : त्यै शून्य नै हो परिपूर्णभाव
र पूर्णता हो सबको अभाव
त्यै शून्यलाई परिपूर्ण ठान
र पूर्णलाई पनि शून्य मान

यस्तो बनाऊ मन पूर्ण चूर्ण
नहोस् कहिल्यै पनि यो अपूर्ण
यस्तो बनाऊ मन चूर्णपूर्ण
नहोस् कहिल्यै पनि यो अपूर्ण

न शून्य जान्ने ,न त पूर्ण जान्ने
आफ्नै कुरा केवल सत्य ठान्ने
भै शब्दवादी प्रतिवाद गर्ने
ती मूर्ख नै हुन् बुझ नर्क पर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : जो लिप्त भै बस्तछ वासनामा
जो वेग ली घुम्दछ कल्पनामा
स्वभावबाटै जुन हुन्छ जाली
पारुँ कसोरी मन पूर्ण खाली

विशुद्ध : खाली भनेको गतिको अभाव
स्थिति स्वयं हो परिपूर्णभाव
यै शून्य हो, यै परिपूर्णता हो
यही परं योग र एकता हो

घट्ने र बढ्ने, गुनिने, विभक्त
संसार भोग्ने बिषयानुरक्त
रम्ने सधैं केवल कल्पनामा
चुर्लुम्म डुब्ने अनि वासनामा

बनी सधैं चञ्चल खालि घुम्ने
राम्रा नराम्रा रुपमात्र चुम्ने
स्वभांवबाटै जुन हुन्छ जाली
यै वृत्ति रोके मन हुन्छ खाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : ती वृत्तिलाई जति खोज्छु रोक्न
थाल्छन् मलाई उति धेर टोक्न
जो हर्छ भित्री सब दिव्य चीज
यै वृत्ति नै हो कि त रक्तबीज

विशुद्ध : छ वृत्तिभित्रै मन बाँडिएको
छ वृत्तिबाटै मन भाँडिएको
छन् बृत्ति राम्रा अनि छन् नराम्रा
बन्छन् मिली मिश्रित कर्म ह्राम्रा

कुवृत्ति हो दानवको प्रतीक
यै राक्षसी - दुर्गतिको प्रतीक
यै कंश, यै रावण, रक्तबीज
जो हर्छ भित्री सब दिव्य चीज

छन् वृत्ति राम्रा-मन देवता हो
त्रिदेवको सुन्दर एकता हो
सद्वृत्तिको सद्गति-पुण्यधाम
सद्वृत्तिको सुन्दर नाम-राम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सुवृत्तिले बन्दछ देव - मान्छे
कुवृत्तिमा दानव बन्छ - मान्छे
कुवृत्ति रोक्ने विधि जान्न पाई
म ज्ञान पाऊँ, दिनुहोस् मलाई

विशुद्ध : सुवृत्ति भन्ने अथवा कुवृत्ति
हुन् वृत्ति जम्मै मनका प्रवृत्ति
कुवृत्तिलाई जतिपल्ट मार्छौं
हो रक्तबीजांकुर वढ्छ हार्छौं

चरित्रले बन्न सके पवित्र
जाग्छन् सबै शाश्वत शक्तिभित्र
जागी जगाऊ सब दिव्य शक्ति
राखेर अन्तर्दिलभित्र भक्ति

समाप्त पार मन एकबार
सुवृत्ति नै चेतनमा उमार
निशा नसाले मनलाई छुन्न
कुवृत्तिको नामनिसान हुन्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : कुवृत्तिले यो मन जित्न खोज्छ
यसै गरी जीवन बित्न खोज्छ
यी वृत्ति मूलैसित रोक्नलाई
उपाय के हो दिनुहोस् मलाई

विशुद्ध : अहं भनेको बुझ अन्धकार
यै अन्धता हो मनको मुहार
वृत्ति स्वयं हो मनको तरङ्ग
तरङ्गले हुन्छ मनै भरङ्ग

दियो बनोस् चित्त कतै नजल्ने
होस् कर्म बाती अविराम ब्ल्ने
सद्भक्तिको वर्तन नित्य हाल
सद्ज्ञानको उज्वल दीप बाल

दियो बले भाग्दछ अन्धकार
भाग्दैन लड्दा जुन बारबार
स्वयं स्वयंको बन अंशुमालि
वृत्ति- प्रमादी मन हुन्छ खाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : बन्यो भने यो मनपूर्ण खाली
चैतन्यको जग्मग दीप बाली
कस्तो हुने हो यसको प्रयोग
मनैविनाको पनि कर्मयोग

बिशुद्ध : चैतन्यको जग्मग दीप बाली
बन्यो भने यो मनपूर्ण खाली
मनैविनाको मन बन्छ पूर्ण
नवृति हुन्छन् यसका अपूर्ण

कुवृत्तिको हुन्छ सधैं अभाव
सुवृत्तिको बन्दछ पूर्णभाव
भो शून्य इच्छा पनि पूर्ण इच्छा
र बन्छ इच्छा प्रभुको सदिच्छा

यै पूर्णता बन्दछ कर्मपूर्ण
र कर्म बन्छन् सब धर्मपूर्ण
विराटले गर्दछ कर्मभोग
त्यै भोग नै बन्दछ कर्मयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : चैतन्यको जगमग दीप बाली
बन्यो भने यो मन पूर्णखाली
को बन्छ कर्ता – कुन कर्म फेरि
मनैविना कर्म हुने कसोरी

बिशुद्ध : मनै त हो मानव देव बन्ने
मनै त हो मानव दैत्य बन्ने
पशु स्वयं त्यै र पति स्वयं त्यै
संसार धान्ने सबको गति त्यै

उन्मुक्ति भन्ने पनि यै मनै हो
र बन्धनै-बन्धन यै मनै हो
अनन्त जन्मान्तर यै मनै हो
सापेक्ष, जे छन्, सब यै मनै हो

सापेक्षतामा जब हुन्छ चूर्ण
विराट भै यै मन बन्छ पूर्ण
विराटले नै जब गर्छ कर्म
त्यै दिव्य भै बन्दछ सत्य धर्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सापेक्ष भो यै मनको अवस्था
कसोगरी के कुन भित्र पस्ता
सापेक्ष भन्ने मन हुन्छ कस्तो
छर्लङ्ग होस् दर्पण हेर्नु जस्तो

विशुद्ध : अहं गई पस्तछ चित्तभित्र
त्यै चित्तले गर्दछ काम भित्र
विचार गर्दा - जुन बन्छ बुद्धि
सुद्धी यही हो अनि यै विसुद्धी

संकल्प गर्ने र विकल्प भर्ने
पलापलामै सब लोक चर्ने
यै चित्त नै भै मन, लिन्छ वृत्ति
राम्रा नराम्रा दुइटै प्रवृत्ति

छ द्वैतमा यै मन गाँसिएको
संसारमा नै अति टाँसिएको
अज्ञानरुपी मदभित्र फस्ता
सापेक्ष भो यै मनको अवस्था

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सापेक्षतामा मनको स्वभाव
कस्तो हुने हो मनभित्र भाव
यो द्वैतमा गै रुप लिन्छ कस्तो
छर्लङ्ग होस् दर्पण हेर्नु जस्तो

विशुद्ध : सापेक्षतामै मन बन्छ मोह
र बन्छ आफैं पनि यै विमोह
यै राग बन्ने अनि यै विराग
यै भाग्य हो यै अनि हो अभाग

लिप्सा, अलिप्सा, डर, धाक यै हो
ईर्ष्या, अनिर्ष्या, रिस भन्नु यै हो
त्यो स्वर्ग आफ्नै मनको कुरा हो
र नर्क आफ्नै मनको कुरा हो

गृहस्थ आफ्नै मनकै कुरा हो
सन्यास आफ्नै मनकै कुरा हो
आफन्त मान्ने अथवा पराई
सापेक्ष छन्, हुन्, मनकै कमाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : म वृत्ति ऐले जुन देख्छु राम्रो
त्यै वृत्ति बन्छ क्षणमै नराम्रो
हो दृष्टि यौटै किन हुन्छ यस्तो
छर्लङ्ग होस् दर्पण हेर्नु जस्तो

विशुद्ध : सापेक्षतामा जुन हुन्छ राम्रो
त्यै बन्न सक्छ क्षणमै नराम्रो
कैले नराम्रो पनि बन्छ राम्रो
राम्रो- नराम्रो मन संझ हाम्रो

संसारलाई सपना नठान
सापेक्ष सत्य त्यति मात्र जान
सापेक्षताको बोक जे छ बोझ
परन्तु साँचो निरपेक्ष खोज

सापेक्षताको सब अन्धकार
हटाउँदै त्यै निरपेक्ष पार
संसार तर्दै गर वारपार
कैल्यै तिमी जीवनमा नहार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सापेक्ष बन्ने मनलाई जानें
संसार यै नै मन बन्छ मानें
जानौं म ऐले निरपेक्षलाई
होस् बोध मेरै मनको मलाई

विशुद्ध : सापेक्षताको जुन हो अभाव
स्वयं त्यही हो निरपेक्षभाव
संसारको शाश्वत सार भन्ने
चैतन्य नै हो निरपेक्ष बन्ने

चैतन्यमा नै मन यो विलाई
चैतन्यले गर्दछ कर्म आई
समष्टिमा गै मन बल्न थाल्छ
मनैविनाको मन चल्न थाल्छ

अद्वैत भन्दा पर सम्म जाऊ
मनैविनाको मनभै रमाऊ
चैतन्य साँचोमन बन्छ भित्र
र बन्छ यो जीवन नै विचित्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : मनैविनाको मन बन्न आई
चैतन्य ज़ो गर्दछ कर्मलाई
त्यै कर्म नै हो कि त कर्मयोग
पाऊँ म जान्ने यसको सुयोग

विशुद्ध : छ प्रश्नमै उत्तर पूर्ण सत्य
कहाँ छ खै ! के यसमा असत्य
कर्ता - क्रिया - कर्म भई समान
जो योग भो त्यो परिपूर्ण मान

यै हो अवस्था मन शून्य बन्ने
इच्छा स्वयं नै पनि शून्य बन्ने
भो शून्य इच्छा अनि पूर्ण कर्म
समाधि यै हो परिपूर्ण धर्म

भो शून्यमा कर्म सबै विभक्त
अनन्त भो त्यो, फल भो सशक्त
चैतन्य नै भो अब कर्मभोगी
र व्यक्ति भो शाश्वत कर्मयोगी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : त्यो कर्मयोगी जब गर्छ कर्म
कसोगरी बन्दछ कर्म-धर्म
ती कर्मका लक्षण जान्न पाऊँ
र कर्मको गौरब मान्न पाऊँ

विशुद्ध : ती कर्मयोगीहरुको चरित्र
पाइन्छ गंगाजल झैं पवित्र
छन् कर्म, जे छन् सब छन् विराट
बर्षिन्छ शान्ति सब कर्मबाट

छन् ज्ञानगंगा जसमा पसेकी
र शारदा छन् मुखमै बसेकी
झुक्छन् स्वयं जोसित दण्डपाणि
निस्किन्छ बोले पछि वेदवाणी

भक्ति स्वयंले पनि पाउ चुम्छिन्
यात्रा बनी जीवन-शक्ति घुम्छिन्
सत्कर्म-सेवा-सुखयुक्त हुन्छ
परन्तु जो जीवनमुक्त हुन्छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : खै ! कर्मयोगी किन भो विराट
बर्ष्यो कसोरी सुख भित्रबाट
विग्रन्न कैल्यै किन कर्म मैली
म जान्न पाऊँ अब कर्मशैली

विशुद्ध : त्यै कर्म - पूजा, स्तुतिगान-सीप
त्यै प्रार्थना हो, अनि धूप - दीप
नैवेद्य - आभूषण - पुष्पमाला
र यज्ञ हो त्यै - सुख धामवाला

प्रदक्षिणा त्यै - अनि दक्षिणा त्यै
भक्ति - स्तुति - ज्ञान - गवेषणा त्यै
ती कर्मयोगी सब कर्म बुझ्छन्
र कर्मलाई अविराम पुँज्छन्

छन् कर्म, कर्महरुमै छ - आत्मा
आत्मा स्वयं बन्छ परं महात्मा
त्यै सुक्ष्म आत्मा हुन गै विराट
बर्षिन्छ जम्मै सुख भित्रबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाह्रौं अध्याय

विराज : सत्कर्म जानें,अनि कर्मयोग
वुझें सुनौलौ यसको प्रयोग
म जान्न पाऊँ अब ज्ञानयोग
जानूँ सुनौलो यसको प्रयोग

विशुद्ध : ब्रम्हाण्ड के हो, अनि पिण्ड के हो
हिरण्यगर्भोन्मुख अण्ड के हो
समष्टि आत्मा - शिवशक्ति के हुन्?
के हों जगत् यो जड - जीव के हुन्

यो सृष्टि के भै कसबाट आयो
र सृष्टि केमा यति टिक्न पायो
छ भित्र आत्मा कसरी बलेको
छ जिन्दगानी कसरी चलेको

मानिसको भो कसरी विकास
के तत्वले मानिस बन्छ खास
जानी सबै यो गर आत्मबोध
सद्ज्ञान यै हो - अरु के छ सोध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : यो जिन्दगानी अति नै छ छोटो
र बुद्धि मेरो अति नै छ मोटो
यो ज्ञानगंगा छ भने अपार
गर्ने कसोरी अब वारपार

विशुद्ध : छ सृष्टि जम्मै जलमै छ पूर्ण
छ सृष्टि जम्मै स्थलमै छ पूर्ण
छ सृष्टि जम्मै नभमै छ पूर्ण
ब्रम्हाण्डकै छन् जड- जीव पूर्ण

ब्रम्हाण्डदेखिन् परमाणुसम्म
अपूर्णता छैन कतै अचम्म !
त्यै पूर्णताले सब भो समान
समान छौ, हौ परिपूर्ण मान

समानतामा परिपूर्णतामा
विराटको सुन्दर एकतामा
जाऊ बनी जीवनमै तिलस्मी
चुम्दै सबै जगमग ज्ञानरस्मि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के जान्नु पर्ने अनि के नपर्ने
छन् प्रश्न धेरै कति गर्नु पर्ने
यो ज्ञान मार्गै कि त हो कि चर्को
विकल्पमा क्यै छ कि मार्ग अर्को

विशुद्ध : सिकेर जानी अथवा नजानी
वित्छन् सबै प्रश्न बनी जवानी
के प्रश्न के उत्तर हो नजानी
छन् प्रश्नमै विस्मृत जिन्दगानी

अज्ञानताको गति भन्नु यै हो
र मूढताको मति भन्नु यै हो
अज्ञानता नै बुझ अन्धकार
र मूढता हो यसकै मुहार

सद्ज्ञान नै हो दिलको प्रकाश
प्रकाश नै हो सबको विकास
सद्ज्ञान छोडी पर मुक्ति छैन
र मुक्ति मिल्ने अरु जुक्ति छैन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : त्यो ज्ञान के हो कति छन् प्रकार
छर्लङ्ग जानूँ अब एकबार
सद्ज्ञानलाई सब जान्न पाऊँ
र ज्ञानको गौरव मान्न पाऊँ

विशुद्ध : छन् ज्ञानका सुन्दर अंगअंग
ती अंगमा छन् दुइ भिन्न रंग
सापेक्ष यौटा - जग - जीव ज्ञान
त्यै ज्ञान नै भौतिक सत्य मान

छ ज्ञान अर्को निरपेक्ष ज्ञान
त्यै ज्ञानलाई ऋतरुप मान
अध्यात्म यै, जीवनखोज यै हो
सद्ज्ञानको सुन्दर मार्ग यै हो

सद्ज्ञानमै खुल्दछ आत्मबोध
यै बोध नै हो - परमात्मबोध
सद्ज्ञान यै, यै निरपेक्षयोग
यै योग नै हो बुझ ज्ञानयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सापेक्ष मानौं कुन ज्ञानलाई
इच्छा भयो लक्षण जान्नलाई
सापेक्षलाई किन सत्य मान्ने
इच्छा भयो यो पनि पूर्ण जान्ने

विशुद्ध : जो कालसंगै बद्लिन्छ आफैं
जो स्थानसंगै बदलिन्छ आफैं
जो व्यक्तिसंगै बद्लिन्छ आफैं
त्यै ज्ञान सापेक्षित मान आफैं

ती ज्ञानका इन्द्रिय सल्वलाई
गर्छन् जहाँ जे जति कर्म पाई
ती कर्म गर्दा जतिं मिल्छ ज्ञान
सम्पूर्ण सापेक्षित सत्य ठान

जन्मी जरा- शैशव- बैंस भोगी
बनी स्वयं नै सुखदुःख योगी
जो ज्ञान भो त्यो पनि सत्य मान
परन्तु यै अन्तिम हो नठान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : म बन्न खोज्थें जति ज्ञानदास
हुन्थें स्वयं जीवन्मै उदास
यस्तो भएको किन बारबार
म जान्न पाऊँ अब एकबार

विशुद्ध : अनन्त सापेक्षित ज्ञानराशि
जो खोज्छ ऊ बन्छ भरे उदासी
छन् ज्ञेय धेरै सकिदैन जान्न
छन् ज्ञान धेरै सकिदैन धान्न

पलापलामै बदलिन्छ ज्ञान
थलाथलामै बदलिन्छ ज्ञान
यौटै नदी हो बदलिन्छ पानी
जानिन्न पानीमय जिन्दगानी

त्यो जिन्दगीको अब सार खोज
र सारमै जीवन - धार खोज
हो जिन्दगानी निरपेक्ष - खोज
खोज्छौ भने जीवन-लक्ष्य खोज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : कस्तो छ खै ! त्यो निरपेक्ष ज्ञान
म जान्न पाऊँ यसको मुहान
सद्ज्ञानको त्यो रस भेट्न पाऊँ
तिर्खा छ सारै अब मेट्न पाऊँ

विशुद्ध : जैले जहाँ जो पनि देख्छ उस्तै
सद्ज्ञान, जो हुन्छ सधै दुरुस्तै
यौटै छ जस्को उपमा हुदैन
सापेक्ष जस्तो रुपमा हुदैन

शरीर जानी बुझ्र आत्मतत्व
आत्मा चिनी त्यै खिच सारसत्व
त्यै सार नै हो परमात्मतत्व
सद्ज्ञान नै हो यसको महत्व

त्यै तत्व नै हो निरपेक्षधर्मी
त्यै तत्व नै हो निरपेक्षकर्मी
त्यै एक जान्यौ कि अनेक जान्यौ
र जिन्दगानी पनि धन्य मान्यौ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : कसोगरे मिल्दछ पूर्णज्ञान
कहाँ छ कस्तो यसको मुहान
सद्ज्ञान मिल्ने कुन हो विधान
सम्पूर्ण जानौं म दयानिधान !

विशुद्ध : चरित्रमा पूर्ण बने पवित्र
सद्ज्ञानको लाग्दछ भोकभित्र
त्यो भोक जागे गुरु खोज एक
र खोजमा राख सधैं विवेक

नभन्नु कैल्यै - गुरु पाइँदैन
नभन्नु कैल्यै - गुरु चाहिँदैन
खोज्दा सधैं सद्गुरु खोज्नुपर्छ
रोज्दा सधैं सद्गुरु रोज्नुपर्छ

मिल्दैन सद्ज्ञान कतै नखोजी
सत्कर्म गर्दै गर ज्ञान खोजी
स्वयं स्वयंको बन पूर्ण साथी
सद्भक्ति राख्तै गुरु-ज्ञानमाथि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : म भेट्छु धेरै गुरु बन्छु भन्ने
कसोगरी सद्गुरु मात्र चिन्ने
छान्ने कसोरी कुन हो विधान
यो जान्न पाऊँ म दयानिधान !

विशुद्ध : श्रोत्रीय हुन्छन् अनि ब्रम्हनिष्ठ
सोच्दै नसोच्ने मनमा अनिष्ट
निस्किन्छ वाणी पनि दूरदर्शी
देखिन्छ हेर्दै पनि पारदर्शी

स्वयं छ जो बाहिरभित्र उस्तै
बोली छ चोखो, व्यवहार उस्तै
ऊ कर्ममा बन्दछ दण्डपाणि
ऊ धर्ममा बोल्दछ वेदवाणी

ऊ दिन्छ धर्मोदयको उपाय
खोल्दैन आफैं तर सम्प्रदाय
संसार माग्दे पनि सार दिन्छ
र ज़िन्दगीको उपहार दिन्छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : म शक्ति पाऊँ गुरु छान्न सक्ने
म भक्ति पाऊँ गुरु मान्न सक्ने
कसोगरी सद्गुरु छान्नु मैले
कसोगरी सद्गुरु मान्नु मैले

विशुद्ध : जादू, टुना, मोहन, मन्त्र, तन्त्र
दिदैन कैल्यै न त दिन्छ यन्त्र
दिन्छन् सधैं सद्गुरुले चरित्र
चरित्रले जीवन खुल्छ भित्र

छोडेर आफ्नो पदको चिनारी
छोडेर आफ्नो धनको चिनारी
छोडेर आफ्नो तनको चिनारी
छोडेर आफ्नो मनको चिनारी

आफ्ना चिनारी जति पूर्ण छोडी
भै शून्य आफैं भन हात जोडी
"एक्लै म राती पथमा छु खाली
हे नाथ ! देऊ अब दीपबाली"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सद्ज्ञान खोज्दै यति सम्म आएँ
सौभाग्यले सद्गुरु बल्ल पाएँ
ज्ञानी बनी जीवन पूर्ण धान्ने
मौका म पाऊँ ऋततत्व जान्ने

विशुद्ध : शरीर आत्मासित गर्छ योग
यै योग हो जीवनको सुयोग
सुयोगको हुन्छ जहाँ प्रयोग
प्रयोग नै बन्दछ पूर्णयोग

त्रिदेह छन् ती सब जीवभित्र
हो स्थूल यो भौतिक-देहचित्र
अध्यात्म हो, त्यो जुन सुक्ष्म हुन्छ
त्यैभित्र नै कारणदेह हुन्छ

यी देहकै सुन्दर एकतामा
र देहभित्रै अझ सुक्ष्मतामा
छ जीवको जीवन-आत्मतत्व
छ जीवभित्रै परमात्मतत्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के हो बुझौं भौतिक देहलाई
खै के गरी चल्दछ देह आई
इच्छा भयो यो पनि आज जान्न
जानौं म यो स्थूल शरीर धान्न

विशुद्ध : यै स्थूल हो, भौतिक देह यै हो
र जीवको पार्थिव देह यै हो
त्यै व्रम्ह नै अन्न बनेर आयो
र अन्नले भौतिक देह पायो

त्यै अन्न खाए रस बन्छ भित्र
र रक्त भै त्यै रस चल्छ भित्र
त्यै अन्न-पानी- रस- रक्त- खानी
स्वीकार आफ्नै धनधान्य मानी

त्यै रक्त नै बन्दछ मांस आफैं
र मांस बोंसो बनिदिन्छ आफैं
बोसो स्वयं नै बनिदिन्छ अस्थि
र स्वस्थ भै मानिस लिन्छ मस्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : कस्तो छ यो भौतिक देहचित्र
क्रिया स्वयं बन्दछ मानचित्र
के के अभै बन्दछ भिन्नभिन्न
म जान्न पाऊँ स्थिति यो विचित्र

विशुद्ध : यै सृष्टि भर्ने बुझ बीजशक्ति
इच्छा यही हो अनि कामशक्ति
अस्थि स्वयं बन्दछ पूर्ण मासी
मासी स्वयं बन्दछ वीर्यराशि

यै वीर्य नै बन्दछ ओजशक्ति
यै ओज नै बन्दछ ज्ञानशक्ति
यै ओज हो धैर्य, उमङ्ग,कान्ति
श्रद्धा, अहिंसा, स्थिरता र शान्ति

त्यै ओज नै बन्दछ तेजशक्ति
यै तेज हो जीवन- कर्म-शक्ति
यै तेज हो शाश्वत धर्मशक्ति
चरित्र यै, यै बल, बुद्धि, भक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : कसोगरे भौतिक देह हाम्रो
बन्नेछ यो साधन- योग्य, राम्रो
यो ज्ञान राम्रैसित जान्न पाऊँ
र ज्ञानको गौरव मान्न पाऊँ

विशुद्ध : ओजस्विताले परिपूर्ण पार्ने
तेजस्विताले परिपूर्ण पार्ने
वीर्य स्वयं खेर यसै नफाल
हो सृष्टिको दीप, सधै समाल

व्यक्तित्व बन्छ यसबाट हाम्रो
बढ्नेछ विद्या,बल,बुद्धि राम्रो
हुदैन है ! केवल भेषधारी
आचारले बन्नु छ ब्रम्हचारी

मासी र वीर्यस्थित ओज, तेज
मिलेर नै बन्छ सधैं स्वतेज
स्वतेजलाई अविराम साँच
भै स्वस्थ धेरै युगसम्म बाँच

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : देखिन्न हेर्दा जुन हो विदेह
के हो केले बन्दछ सुक्ष्मदेह
छन् शक्ति के के प्रति-अंगअंग
सम्बन्ध के पार्थिव देहसंग

विशुद्ध : चैतन्यले चेतनरुप धारी
यो सिर्जनाको जब बोक्छ भारी
प्राणाग्नि भै यै जब बल्न थाल्छ
यो सुक्ष्म देह स्वत चल्न थाल्छ

यैं देहमै प्राण छ-जीवशक्ति
छ भित्र अन्तस्करणान्त-शक्ति
यै देह हो शाश्वत ज्ञान भर्ने
यै देह नै हो सब कर्म गर्ने

आधार हो पार्थिव देहकै यो
छ कर्मशैली पनि सुक्ष्म नै यो
अध्यात्मले गर्दछ कर्म खाली
ती अंगमै जगमग दीप बाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : पाएर अन्तस्करणान्त-शक्ति
भोग्छन् स्वयं नै जुन ज्ञानशक्ति
ती ज्ञानका इन्द्रिय जान्न पाऊँ
छ काम कस्तो अनि के छ नाउँ

विशुद्ध : छाला र आँखा, रसना र कान
र नाक ज्ञानेन्द्रिय पाँच मान
यी पाँचकै काम छ भिन्नभिन्न
सम्बन्धमा छन् तर यी अभिन्न

सुनेर नै जान्दछ शीघ्र कान
छोएर नै जान्दछ चर्म मान
हेरेर आँखा पनि ज्ञान गर्छ
जिब्रो रसाई रसज्ञान गर्छ

सुँघेर वास्ना पनि चिन्छ नाक
स्ववासनामा सबको छ धाक
छन् ज्ञानका इन्द्रिय भुक्तभोगी
भोगी र रोगी सब छन् वियोगी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : शरीर जो सुक्ष्म छ जान्न पाऊँ
यसैगरी बन्दछ भन्न पाऊँ
त्यो देहमा छन् कति भिन्न अंग
ती अंगमा छन् कति भिन्न रंग

विशुद्ध : छन् ज्ञानका इन्द्रिय पाँच भिन्न
छन् कर्मका इन्द्रिय पाँच भिन्न
छन् चार अन्तस्करणान्त-शक्ति
छन् पञ्चप्राण जगजीव-शक्ति

जेले स्वयं चेतन चल्न थाल्छ
प्राणाग्नि आफैं अनि बल्न थाल्छ
र चल्छ अन्तस्कराणान्त-शक्ति
त्यै शक्ति हो ज्ञान र कर्मशक्ति

यै शक्तिको सुन्दर, दिव्य पुञ्ज
र अंगअंगैहरुको निकुञ्ज
यही त हो जान्नु छ सुक्ष्मदेह
छ सुक्ष्म,सुक्ष्म-स्थितिमै विदेह

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के ज्ञानका इन्द्रिय चल्बलाई
चल्छन् कसैको सहयोग पाई ?
चल्छन् कि आफैं सब जान्न पाऊँ
र ज्ञानको गौरव मान्न पाऊँ

विशुद्ध : मिली मिलाई सब पञ्चतत्व
भोग्छ्न् सबैले सब भोगतत्व
आकाशको नै सहयोग पाई
यो कानले सुन्दछ शब्दलाई

वायु स्वयंको सहयोग पाई
छोएँ भनी लाग्दछ चर्मलाई
आँखा स्वयंले पनि अग्नि पाई
भोग्छन् सबै ती रुपरंगलाई

पानी स्वयंको सहयोग पाई
जिव्रो स्वयं नै रस भोग्छ आई
पृथ्वी स्वयंको सहयोग पाई
यो नाकले भोग्दछ गन्धलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : त्यै सुक्ष्म देहस्थ सुकर्मशक्ति
र कर्मकै सुन्दर धर्मशक्ति
हुन् पञ्च कर्मेन्द्रिय के छ नाउँ
के काम गर्छन् सब जान्न पाऊँ

विशुद्ध : हो सृष्टिको विस्तृति लिङ्गशक्ति
मल्द्वार नै हो लयको सशक्ति
उत्सर्ग गर्ने दुइ अंग भिन्न
परन्तु छन् यी दुइटै अभिन्न

छन् पंचकर्मेन्द्रिय देहसंग
मल्द्वार, खुड्डा, मुख, हात, लिङ्ग
चल्छन् यिनै चल्दछ कर्मशक्ति
चल्छन् यिनै बल्दछ धर्मशक्ति

बोल्ने र खाने मुख गर्छ - कर्म
लिने दिने गर्दछ हात - कर्म
हिडने र डुल्ने पदको छ कर्म
स्वकर्म गर्ने सबको छ धर्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के पञ्च कर्मेन्द्रिय सल्बलाई
चल्छन् कसैको सहयोग पाई ?
चल्छन् कि आफैं सब जान्न पाऊँ
र ज्ञानको गौरव मान्न पाऊँ

विशुद्ध : आकाशको नै सहयोग पाई
खुट्टा स्वयं हिड्दछ छम्छमाई
वायु स्वयंको सहयोग पाई
त्यै हातले लिन्छ सबै समाई

अग्नि स्वयंको सहयोग पाई
त्यै मुखले खान्छ र बोल्छ आई
पानी स्वयंको सहयोग पाई
स्वकर्म नै गर्दछ लिङ्ग आई

पृथ्वी स्वयंको सहयोग पाई
मल्द्वारले नै मल फाल्छ आई
गरेर निर्देशित कर्ममात्र
बन्छन् सबै केबल कर्मपात्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : ती सुक्ष्म देही अनि देहदानी
के जान्नु अन्तस्करणै नजानी
म जान्न पाऊँ अब एकएक
यै भन्छ मेरो अहिले विवेक

विशुद्ध : अन्तस्थ भै चेतन भित्र बस्ता
भो चार नै चेतनको अवस्था
बन्यो स्वयं कोमल चित्त आफैं
आफैं अहं भो मन, बुद्धि आफैं

विभक्त भो भाव - विशेषतामा
ती कार्य गर्छन् तर एकतामा
यै एकता ज्ञान र कर्मशक्ति
विवेकको उन्नत धर्मशक्ति

राम्रा नराम्रा सब भाव बन्ने
त्यै केन्द्र हो चिन्मय चित्त भन्ने
यै चित्त हो चिन्मय भावदानी
र जिन्दगीको पनि राजधानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के हो अहं त्यो कुन रुप भर्छ
त्यो बुद्धि के हो कुन काम गर्छ
कसोगरी यो मन बन्छ हाम्रो
मिलोस् मलाई अब ज्ञान राम्रो

विशुद्ध : आकार लिन्छ जब चेतनाले
साकार "मै" भन्दछ वेदनाले
यही अवस्था बुझ अस्मिता हो
यै अस्मिता जीवनको बुता हो

संकल्पनामा अनि कल्पनामा
विकल्पका चञ्चल भावनामा
त्यै चेतना नै मन बन्छ आफैं
स्वप्ना बनी घुम्दछ चुम्छ आफैं

विचारका अन्तर- तर्कनामा
विवेक- विज्ञान- वितर्कनामा
त्यै चेतना बन्दछ बुद्धि हाम्रो
सद्बुद्धिले जीवन बन्छ राम्रो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : त्यो प्राण के हो, अनि काम के हो
कहाँ छ ,कस्तो अनि नाम के हो
ती प्राण जम्मै अब जान्न पाऊँ
र प्राणको गौरव धान्न पाऊँ

विशुद्ध : त्यै प्राण हो जीवन- केन्द्रशक्ति
र सुक्ष्म अन्तस्करणस्थ शक्ति
जेबाट ज्ञानेन्द्रिय बल्न थाल्छन्
र कर्मका इन्द्रिय चल्न थाल्छन्

त्यै प्राणमै चल्दछ सुक्ष्मदेह
र देह छोडे पछि यै विदेह
हो प्राण यौटै जुन बन्छ पाँच
त्यो प्राण यै जीवनभित्र जाँच

त्यै प्राण हो, त्यै अनि हो अपान
त्यै व्यान हो, त्यै अनि हो समान
उदान हो त्यै, बुझ पञ्चवायु
यै वायुमा निर्भर हुन्छ आयु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वराज : त्यो प्राणको सद्‌गति धर्म के हो
र प्राणको शाश्वत कर्म के हो
अपानको धर्म र कर्म के हो
म जान्न पाऊ अनि मर्म के हो

विशुद्ध : जो सास फेरे पछि भित्र पस्छ
र भित्र नाभिस्थल सम्म बस्छ
त्यै प्राण हो - जीवन - यज्ञ - कर्म
यै हो सबै जीवनको स्वधर्म

प्राण क्रिया हो विधिको विधान
प्रतिक्रिया हो बुझ यो अपान
अपान हो बाहिर तर्फ फाल्ने
र जिन्दगीको पनि दीप बाल्ने

अपानको नाभि तलै छ बास
नाभि स्वयं हो दुइकै प्रवास
मिल्दा यहीं प्राणसितै अपान
निस्किन्छ नाभिस्थलमा समान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : समान केहो अनि के उदान
र व्यानको के छ यहाँ विधान
म जान्न पाऊँ जुन छन् विचित्र
ती प्राणका धर्म र कर्म भित्र

विशुद्ध : यो जिन्दगानी बुझ एक पूर्जा
समान हो प्राण- परस्त ऊर्जा
यही त हो "कुण्डलिनी" भनेको
यै तेज हो, ताप छ यै बनेको

समान हो पाचन- शक्ति बन्ने
समान नै हो जठराग्नि भन्ने
समान तेजोमय तप्त वायु
बिग्रो कि संझ त्यति छैन आयु

जो रक्त संचालन गर्छ भित्र
त्यै व्यान हो व्यापक बन्छ भित्र
त्यो शक्ति जो खिच्दछ भित्र मात्र
उदान हो जीवन- भोगपात्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : ती प्राणका क्यै उपरुप छन् कि
र प्राण नै केवल पाँच हुन् कि
छन् क्यै भने ती पनि जान्न पाऊँ
र प्राणको जीवन धान्न पाऊँ

विशुद्ध : छन् प्राणका कार्य अनन्त ऐले
यी शब्दमा खै ! कति भन्नु मैले
छन् प्राणका क्यै उपरुप भिन्न
छन् फेरि आफैं पनि ती अभिन्न

धनन्जय, क्रीकर, देवदत्त
छन् कुर्म, नाग स्थितिमै प्रदत्त
यी पाँच नै हुन् उपवायु भन्ने
र जिन्दगीको कुल आयु बन्ने

छ प्राणको नै महिमा अपार
चाँडै बुझी जीवन धन्य पार
हो प्राण नै विस्तृत मूलजाल
बुझी सबै जीवन- दीप बाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : त्यो प्राण आफैं जड- जीवभित्र
कस्तो बनी बस्तछ यो विचित्र
कसोगरी भो यसको विकास
म जान्न पाऊँ अब खासखास

विशुद्ध : त्यै प्राण हो, जो जडमा छ- ऊर्जा
र यो जगत् चल्छ बनेर पुर्जा
जे शक्ति छन् ती परमाणुभित्र
छ प्राण उर्जारुपमा विचित्र

त्यै प्राणऊर्जा जब सुक्ष्म हुन्छ
त्यै चेतना भै सुख- दु:ख छुन्छ
त्यो चेतना सुक्ष्म बनेर आफैं
समग्रतामा मन बन्छ आफैं

बन्यो भने त्यै मन सुक्ष्म फेरि
भो बुद्धि आफैं - अनि बुद्धि फेरि
भो सुक्ष्म आफै अनि भो विवेक
विवेक भो मानव - धर्म एक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : छ प्राण भित्रै, गतिशीलता छ
छ प्राण भित्र , स्थितिशीलता छ
के हो रहस्य, कुन हो विधान
म जान्न पाऊँ अब सत्य ज्ञान

विशुद्ध : त्यै प्राण नै हो जडतत्व बन्ने
त्यै ग्यास बन्ने, जलतत्व बन्ने
त्यै प्राण नै बन्दछ बुद्धितत्व
र प्राण नै बन्दछ ब्रम्हतत्व

यो सृष्टिमा छन् सब दर्शनीय
परन्तु छन् ती परिवर्तनीय
त्यो प्राण नै हो - बदलिन्छ जे छ
नाशिन्न कैल्यै तर तत्व जे छ

हो प्राण फेर्नै गतिशील काल
छ काल नै त्यो गतिमा कराल
छ कालमा क्वै विधिको विधान
विधान धान्ने करुणा छ जान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सम्पूर्ण अन्तस्करणस्थ शक्ति
हो प्राण आफैं कि सबै सशक्ति
आजन्म-जन्मान्तर- जन्मदाता
यै प्राण हो वा अरु नै विधाता

विशुद्ध : छ प्राण - छन् ज्ञान यहाँ बलेका
छ प्राण - छन् कर्म यहाँ चलेका
छ प्राण - छन् भाव भरिन्छ चित्त
छ प्राण - छन् बुद्धि विवेक-वित्त

छ प्राण - छन् ती मनका तरङ्ग
छन् अस्मिता, छन् सब रुपरङ्ग
संस्कारको भार कतै नरोकी
जन्मिन्छ यैं प्राण शरीर बोकी

संस्कारको विकृत भार फाली
ओंकारमै मिल्नुछ दीप बाली
त्यो प्राणमै प्राण बनी रमाऊ
भित्रै छ यो जीवन खोज्न जाऊ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : कस्तो छ खै ! कारणदेह भन्ने
के के मिली कारण देह बन्ने
यो सत्यलाई पनि जान्न पाऊँ
र ज्ञानको गौरव मान्न पाऊँ

विशुद्ध : जो सुक्ष्मको कारण-तत्व बन्छ
त्यै तत्वले कारण-देह बन्छ
हो शब्द नै कारण सुन्न सक्ने
हो स्पर्श नै - स्पर्शन गर्न सक्ने

छन् दृष्टि जम्मै रुपबाट बल्ने
रसै हुनाले रसना छ चल्ने
हो गन्ध नै कारण- सुँघ्न सक्ने
यिनै त हुन् कारण बन्नसक्ने

छन् काम, इच्छासित काल चल्छ
छन् कर्म, संस्कार-शरीर चल्छ
छन् ती अविद्या अनि चल्छ माया
यी हुन् सबै कारणजन्य छाया

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : त्यो जीवले कारणदेह फाली
जाने कँहा हो कुन दीप बाली
त्यो जीवको जीवन चिन्न पाऊँ
र ज्ञानको गौरव मान्न पाऊँ

विशुद्ध : त्यो शब्द नाघी पर पुग्नुपर्छ
र स्पर्श नाघी पर पुग्नुपर्छ
जानीबुझी त्यो रुप छोड्नुपर्छ
छोडी सबै त्यो रस छोड्नु पर्छ

त्यो गन्धभन्दा परको छ यात्रा
र कामभन्दा परको छ यात्रा
संस्कारभन्दा परको यात्रा
अज्ञानभन्दा परको छ यात्रा

विशुद्ध हौ कारण देह फाली
जाऊ अझै जगमग दीप बाली
भेट्छौ त्यहीं जीवन, जीवतत्व
बुझ्छौ स्वयं जीवनको महत्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : बस्यो कसोरी परमात्मतत्व
बनेर आफैं पनि जीवतत्व
छ जीव भित्र कसरी बसेको
छ केंगरी यो कसमा फसेको

विशुद्ध : शरीरभन्दा पर जे छ तत्व
त्यै तत्व हो - जीवन - जीवतत्व
आत्मा यही, चेतन तत्व यै हो
र अंशरुपी परमात्म यै हो

अज्ञानतामा अनि वासनामा
संस्कार- मायावस शासनामा
छ यो अहङ्कारसितै बसेको
छ कामको कर्तुतमा फसेको

अज्ञानता, कर्म र काम फाली
विवेकको जगमग दीप बाली
विशुद्ध पारेपछि आत्मतत्व
हुन्छौ तिमी नै परमात्मतत्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : कसोगरी बन्दछ जीव आफैं
समष्टिमा गै परमात्म आफैं
त्यै जीवले ईश्वरसंग योग
गर्ने विधि हो कि त ज्ञानयोग

विशुद्ध : माया - अविद्या - मद - कर्म - काम
अहं - अहङ्कार - हटी तमाम
आत्मा स्वयं भो कि त तत्व खाली
त्यै भो परं ईश्वर - अंशुमालि

नभोग - इच्छा, न त वासना छ
न क्वै कतै बन्धन-शासना छ
विशुद्ध जो तत्व छ - तत्व खाली
त्यै हो परं ईश्वर - अंशुमालि

विकार - विस्तार - समूल फाली
स्वयं स्वयंको बनी अंशुमालि
भै जीव आफैं शिवसंग योग
गर्ने विधि त्यै बुझ ज्ञानयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : तीी धर्मपिच्छे छ कि भिन्न तत्व
यौटे छ कि त्यो परमात्मतत्व
त्यो तत्व भन्दा पर के छ तत्व
म जान्न पाऊँ यसको महत्व

विशुद्ध : हो शुद्ध आत्मा - परमात्मतत्व
त्यै तत्व नै हो - परब्रम्हतत्व
त्यै तत्व नै हो - बुझ ब्रम्हतत्व
त्यै तत्व नै हो - बुझ ईशतत्व

त्यै तत्व नै हो पुरुषत्व भन्ने
त्यै तत्व नै हो शिवतत्व भन्ने
त्यो तत्वभन्दा पर छैन कोही
जे नाम दिन्छौ बनिदिन्छ सोही

त्यै कृष्ण - नारायण - रामतत्व
ओंकारमा झंकृत मन्त्रतत्व
त्यै शून्य हो, त्यै परिपूर्ण तत्व
त्यै धर्मको खोज र सारसत्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : लाग्दैछ यो जीव र ईशसम्म
छ बीचमा चिन्मय शक्ति टम्म
त्यो शक्ति के हो अनि के छ नाम
र जान्न पाऊँ त्यसको म काम

विशुद्ध : त्यै ब्रम्हको चिन्मय पूर्णशक्ति
बन्यो स्वयं मूल र आद्यशक्ति
माया त्यही हो - जड - जीव बन्ने
त्यै शक्ति हो सर्जनशक्ति भन्ने

लक्ष्मी उनै हुन् बुझ कामशक्ति
काली उनै हुन बुझ कर्मशक्ति
सरस्वती हुन् बुझ ज्ञानशक्ति
त्यै शक्तिमै छ सबको सशक्ति

असंख्य छन् काम, असंख्य शक्ति
भो शक्तिको कार्यसितै विभक्ति
छन् शक्तिका नाम र काम भिन्न
सम्पूर्ण हुन्छन् तर ती अभिन्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : चैतन्यको चिन्मय पूर्णशक्ति
देख्तैछु - बन्दै - तममा सशक्ति
आकारमा यै तमशक्ति आई
छ सृष्टि गर्दै किन हो रमाई

विशुद्ध : त्यै शक्ति नै बन्छ समष्टिबुद्धि
यै बुद्धि हो ज्योति- समान शुद्धि
आकार ली त्यै जब जम्जमायो
त्यही अहङ्कार बनेर आयो

अहं स्वयं सत्व बनेर आयो
त्यै सत्वमा ज्ञान र बुद्धि आयो
अहं स्वयं नै रज भै उदायो
र राजसी मानस तत्व आयो

अहं स्वयं नै तम भै उदायो
र सृष्टि जम्मै तमबाट आयो
अज्ञानता हो तमको स्वभाव
हो ज्ञान मात्रै तमको अभाव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : तत्व सबै नै बुझी एकएक
बढ्दैछ मेरो पनि यो विवेक
इच्छा छ गर्ने यसको प्रयोग
म जान्न पाऊँ अब सांख्ययोग

विशुद्ध : सद्ज्ञानको जगमग दीप बाली
अज्ञानरुपी तम पूर्ण फाली
सिङ्गै अहङ्कार समूल ढाली
समष्टिमा गैकन बुद्धि बाली

त्यै बुद्धिको चिन्मय शक्तितत्व
नाघे यसै मिल्दछ ब्रम्हतत्व
ती तत्व जानी सब एकएक
त्यो ब्रम्हमा पुग्छ उही विवेक

ती तत्व जानेर विकार फाली
स्वयं स्वयंको बन अंशुमालि
भै जीव आफैं शिवसंग योग
गर्ने विधि त्यै बुझ सांख्ययोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौधौं अध्याय

विराज : त्यो प्राणको चित्त र भावसंग
सम्बन्ध के हो अनि के प्रसंग
बुझी सबै भाव र भक्तियोग
म जान्न पाऊँ यसको प्रयोग

विशुद्ध : छन् प्राण भित्रै दुइ भिन्न तत्व
दुवै-दुवैको छ ठूलो महत्व
हो तत्व यौटा-गतिशील काल
र स्थिर अर्को, करुणा- विशाल

यी तत्वबाटै जब प्राण चल्छ
र प्राणले भावुक चित्त चल्छ
बन्छन् चले चित्त - अनन्त भाव
छन् भावका भिन्न हुने स्वभाव

हो भाव नै हो सबको सशक्ति
खिच्ने र फाल्ने यसमै छ शक्ति
जोबाट चल्छन् सब अङ्गअङ्ग
हो ब्रम्हऊर्जा रुपको तरङ्ग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सदेह यी इन्द्रिय- अङ्गअङ्ग
सम्बन्ध राख्छन् कति भावसंग
म जान्न पाऊँ अब भाव सारा
जानीबुझी जीवन - मूलधारा

विशुद्ध : छ भावमै काल सधैं बसेको
छ भावमा नै करुणा बसेको
छन् भाव - पुग्छन् अनुभूतिसम्म
चल्छन् अहङ्कार अनन्तसम्म

छन् भाव - आफैं मन चल्न थाल्छ
छन् भाव - आफैं मति बल्न थाल्छ
छन् भाव - ज्ञानेन्द्रिय बल्न थाल्छन्
छन् भाव - कर्मेन्द्रिय चल्न थाल्छन्

यै भावले गर्दछ सृष्टि हाम्रो
र भावमा नै स्थिति चल्छ राम्रो
सम्पूर्ण यो जीवन-जीवधारा
हो भावमा नै लय हुन्छ सारा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : खै ! भावमा के कतिको छ शक्ति
र भाव कैले बनिदिन्छ भक्ति
खै ! भावमा के कुन रङ्ग हुन्छ
र भाव चुम्ने कुन अङ्ग हुन्छ

विशुद्ध : पलापलामै बदलिन्छ भाव
थलाथलामै बदलिन्छ भाव
ती भावका नै प्रतिविम्ब आई
चुमेर जान्छन् अनुहारलाई

छ भाव कस्तो गति के छ भित्र
मान्छे छ कस्तो कतिको पवित्र
मुहार हेरी पढ भित्रभित्र
हो भाव नै मानिसको चरित्र

हो भाव नै जीवन - जीवशक्ति
गतिस्थिति त्यै परिपूर्ण शक्ति
त्यै शक्ति जागे पछि भो सशक्ति
सशक्तिको सुन्दर नाम भक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : छन् भित्र हाम्रा कति भिन्न भाव
ती भावमा छन् कति के स्वभाव
ती भावमा नै किन जाग्छ शक्ति
र भाव बन्छन् कतिखेर भक्ति

विशुद्ध : गनेर कैल्यै सकिदैन भाव
भनेर कैल्यै सकिंदैन भाव
ती भावका छन् दुइटा स्वभाव
स्वभावले छन् दुइ मात्र भाव

स्वभावमा छन् दुइटै स्वधर्मी
विस्तारधर्मी अनि सारधर्मी
विस्तार हुन् जीवन - घुम्न खोज्ने
र सार हुन् जीवन - चुम्न खोज्ने

विस्तारधर्मी सब भाव छोडी
र सारधर्मी सब भाव जोडी
समाल अन्तर्दिलभित्र शक्ति
त्यै शक्ति नै बंन्दछ पूर्ण भक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : बाँच्छन् नि मान्छे किन धर्म छोडी
विस्तारधर्मी सब भाव जोडी
दुखी दुखाई सुख नै नजानी
खोज्दैछ मान्छे किन जिन्दगानी

विशुद्ध : विस्तारधर्मी बुझ हुन् कुभाव
कुभावमै छ ऋणको स्वभाव
कुभावले लग्दछ जीवलाई
आजन्म-जन्मान्तरमै घुमाई

प्रतिक्रिया हुन् - सब यी कुभाव
कालोन्मुखी छन् यिनका स्वभाव
वियोगधर्मी अनि कालधर्मी
कुभावमै मानव भो अधर्मी

कुभावले नै मन दुख्न थाल्छ
दुःखी बनी जीवन दुख्न थाल्छ
दुखी - दुखाई सुख नै नजानी
विताउने खै! किन जिन्दगानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : विस्तारधर्मी सब ती कुभाव
कुभावको के छ यहाँ स्वभाव
जानी सबै दुर्गतिपूर्ण मानी
छोडौं म जम्मै विषतुल्य ठानी

विशुद्ध : घृणा-तिरस्कार-अधैर्यभाव
लोभाग्नि - ईर्श्या- भय - वैरभाव
क्रोधाग्नि - कामाग्नि - मदाग्निभाव
यस्तै निकै छन् - दिलमा कुभाव

कुभावले पोल्दछ भित्रभित्र
सल्किन्छ आगो मुटुमा विचित्र
आगो बले त्यो मुटु जल्न सक्छ
एक्कासी ! यो जीवन ढल्न सक्छ

कुभाव हो पाप र रोग सार्ने
मनुष्यताको गुण-धर्म मार्ने
सुभावको दीपक झट्ट बाल
कुभावरुपी तम सट्ट फाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : हुन् सारधर्मी जुन ती सुभाव
सुभावको के कुन हो स्वभाव
सुभावमा के कति हुन्छ शक्ति
कसोगरेमा बनिदिन्छ भक्ति

विशुद्ध : हुन् सारधर्मी सब ती सुभाव
सुभाव हो - जीवनको स्वभाव
सुभावनै बन्दछ मुक्तिदाता
र बन्छ सच्चा सुख-भुक्तिदाता

क्रिया भनेका पनि हुन् - सुभाव
तत्वोन्मुखी छन् जसका स्वभाव
छन् योगधर्मी, करुणामुखी छन्
सुभावमै छन् जति जो सुखी छन्

सुभावले नै मन झुस्न थाल्छ
आनन्दको सागर चुम्न थाल्छ
आनन्द भन्दा पर जे छ शक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सुभावको सुन्दर वागभित्र
छन् फूल के के कतिका विचित्र
माला बने भो कि त योगशक्ति
त्यै शक्ति नै हो कि त पूर्ण भक्ति

विशुद्ध : सुभावको सुन्दर वागभित्र
सुगन्धको मग्मग रागभित्र
तीनै थरी केबल फूल फुल्छन्
जो फूलमा मानव मात्र भुल्छन्

श्रद्धा बनी फुल्दछ एक फूल
र प्रीति भै फुल्दछ एक फूल
भै स्नेह नै फुल्दछ फूल एक
माली स्वय बन्छ जंहाँ विवेक

यी फूलका छन् रुप भिन्नभिन्न
छन् भिन्नतामै पनि यी, अभिन्न
यै फूलको सुन्दर योगशक्ति
जाग्यो भने बन्दछ पूर्णभक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : छन् नाम धेरै भगवान भिन्न
गाह्रो छ अंशीरुपतत्व चिन्न
जागेर आए सव भावभक्ति
कस्को गरौं खै ! अब पूर्ण भक्ति

विशुद्ध : हो अंश यौटा बुझ जीवतत्व
अंशी स्वयं हो परमात्मतत्व
हो पूर्ण अंशी भगवान भन्ने
त्यै अंश हो शाश्वत भक्त बन्ने

त्यै सच्चिदानन्द विशुद्ध तत्व
त्यै पूर्ण अंशी - परमात्मतत्व
मिल्नेछ पक्कै पनि एकबार
भक्ति त्यसैको गर बारबार

हे अंश ! अंशी पर छैन कोही
जे नाम दिन्छौ बनिदिन्छ सोही
समाल जम्मै सब भावशक्ति
अंशी स्वयंको गर पूर्ण भक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : श्रद्धा स्वयंका रुप छन् अनेक
प्रीति स्वयंका रुप छन् अनेक
स्नेह स्वयंका रुप छन् अनेक
बन्छन् कसोरी पछि पूर्ण एक

विशुद्ध : विश्वास, आस्था,जड-जीव-भक्ति
सम्पूर्ण ऊर्ध्वगत भावशक्ति
मिलेर जो बन्दछ एक भाव
श्रद्धा त्यही हो - परिपूर्ण भाव

माधुर्य - मैत्री - प्रिय - सख्यभाव
यस्तै जहाँ छन् जति दिव्य भाव
मिली सबै बन्दछ एक भाव
त्यै प्रीति हो, त्यै परिपूर्ण भाव

बात्सल्य - माया - ममतादि - भाव
बग्छन् तलै केबल यी सुभाव
मिली यिनै बन्दछ एक भाव
त्यै स्नेह हो त्यै परिपूर्ण भाव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : त्रिभावको सुन्दर योगशक्ति
रहेछ जानें परिपूर्ण भक्ति
म जान्न पाऊँ अब भक्तियोग
र गर्न पाऊँ त्यसको प्रयोग

विशुद्ध : श्रद्धा बनाऊ यति पूर्णपूर्ण
कतै कुनै क्यै नरहोस् अपूर्ण
स्नेह स्वयं होस् यति पूर्णपूर्ण
कतै कुनै क्वै नरहोस् अपूर्ण

प्रीति स्वयं होस् यति पूर्णपूर्ण
कतै कुनै क्यै नरहोस् अपूर्ण
यै पूर्णताको जब हुन्छ योग
यै योग नै बन्दछ भक्तियोग

भो भक्ति यस्तो जब भक्तसंग
रहन्न दूरी भगवानसंग
भै जीव आफै शिवसंग योग
गर्ने विधि त्यै बुझ भक्तियोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : छन् भक्तिका साधनमार्ग भिन्न
हुन् भिन्न - भिन्नै कि त हुन् अभिन्न
ती मार्ग मध्ये कुन मार्ग रोजौं
र भक्तिको साधन के म खोजौं

विशुद्ध : श्रद्धासितै छन् कति भिन्न भाव
छन् प्रीतिमै छन् कति भिन्न भाव
छन् स्नेहमै ती कति भिन्न भाव
छन् भिन्नभिन्नै सबको स्वभाव

स्वभावले नै ऋषि छन् विभिन्न
छन् शास्त्र भिन्नै विधि छन् विभिन्न
छन् भक्तिका साधन भिन्नभिन्न
प्रकार धेरै सब छन् अभिन्न

भै शब्दवादी र बनी विवादी
न बन्नु कैल्यै पनि मूढवादी
ती शास्त्रको केवल सार तानी
हौ भक्त बाबू ! बन भाग्यमानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : जो भक्ति पंछी पशुभित्र हुन्छ
त्योसंग हाम्रो कति भिन्न हुन्छ
जानीबुझी मानवको सुभक्ति
अर्पौं म आफैं पनि पूर्ण शक्ति

विशुद्ध : छ भक्ति पंछी - पशुमा समेत
कीरा, फटेङ्गाहरुमा समेत
त्यो भक्तिमा ज्ञान र कर्म छैन
विवेकले सिंचित धर्म छैन

सद्ज्ञान - सत्कर्म- विवेक भिन्न
सद्भक्ति कैल्यै पनि पूर्ण हुन्न
हुन् जीवका कुण्ठित शक्ति मात्र
ती भक्ति हैनन् - अनुरक्ति मात्र

विवेकको सुन्दर धर्मयुक्त
चरित्रको शाश्वत मर्मयुक्त
होस् भक्ति मान्छेसित ज्ञानयुक्त
होस् भक्ति मान्छेसित कर्मयुक्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : स्वयं स्वयंको गति, मार्ग जानी
जो हिड्छ ऊ बन्दछ भाग्यमानी
सद्भक्तिका सुन्दर मार्ग के हुन्
जानौं म ऐले परिपूर्ण जे हुन्

विशुद्ध : छन् भक्तिका मार्ग यहाँ विभिन्न
बुझ्यौं भने ती सब छन् अभिन्न
स्वभावपिच्छे विधि छन् विभिन्न
विभिन्नमा छन् दुइमात्र भिन्न

कि भक्तलाई भगवान चुम्छ
कि भक्तले नै भगवान चुम्छ
पैलो स्वयं अर्पण- भक्तिमार्ग
स्वीकार हो- साधनभक्ति मार्ग

क्रिया छ यौटै अनि कर्म यौटै
छ कर्मको लक्षित धर्म यौटै
स्वीकारमा साधनभक्ति हो त्यै
अर्पेर जादा शरणागति त्यै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सद्भक्तिको खै! कुन हो मति त्यो
जो बन्छ सच्चा शरणागति त्यो
त्यो मार्ग ऐले परिपूर्ण जानी
हिडी बनौं मै पनि भाग्यमानी

विशुद्ध : हौ अंश, अंशीतिर झट्ट फर्की
द्यौ ज्ञान-ज्ञानेन्द्रिय पूर्ण अर्पी
द्यौ कर्म-कर्मेन्द्रिय पूर्ण अर्पी
नभोग केही उसमा नअर्पी

विचारसंगै मति अर्पिदेऊ
संकल्पसंगै मन अर्पिदेऊ
द्यौ भावसंगै अब चित्त अर्पी
देऊ अहङ्कार समूल अर्पी

त्यो प्राण-आत्मा पनि अर्पिदेऊ
बाँकी नहोस् क्यै सब अर्पिदेऊ
होस् अपर्णी-अपर्णको स्थिति त्यै
बन्नेछ सच्चा शरणागति त्यै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : प्रपत्ति नै बन्दछ पूर्ण जैले
त्रिभावको के स्थिति बन्छ ऐले
प्रपन्नतामा भगवान कैले
मिल्छन् म जानौं परिपूर्ण ऐले

विशुद्ध : श्रद्धा उसैमा अब अर्प जम्मै
स्नेह स्वयं नै अब अर्प जम्मै
प्रीति स्वयं नै पनि अर्प जम्मै
र भक्ति आफैं पनि अर्प जम्मै

हौं रिक्त जम्मै भगवान आई
तत्काल नै चुम्दछ भक्तलाई
भयो भने अर्पण पूर्णपूर्ण
रहन्छ बाँकी अब के अपूर्ण

प्रपन्नताको जग यै चरित्र
चरित्रले जीवन होस् पवित्र
अंशी स्वयं मिल्दछ अंशसंग
प्रपत्ति यै हो - बुझ साफसंग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के भक्तिभन्दा पर ज्ञान छैन
के भक्तिभन्दा पर कर्म छैन
सद्भक्तिभन्दा पर के छ शक्ति
छ शक्तिभन्दा कति भिन्न भक्ति

विशुद्ध : सद्भक्ति छैनन् बुझ ज्ञान छैन
सद्भक्ति छैनन् बुझ कर्म छैन
सद्भक्तिमा नैं गुरु देव बन्छन्
सद्भक्तिमा नै भगवान हुन्छन्

विवेक छैनन् - जब भक्ति छैनन्
चरित्र छैनन् - जव भक्ति छैनन्
छ जीवभन्दा पर ब्रम्हशक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति

सद्भक्ति मै चल्दछ जिन्दगानी
छ जिन्दगीको यसमै जवानी
यो जीवमा ईश्वरकै छ शक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : छ शक्तिमै निर्मित जिन्दगानी
छ शक्ति-संचालित जिन्दगानी
ब्रम्हाण्डमै व्याप्त छ सर्वशक्ति
त्यै शक्ति नै हो कि त पूर्ण भक्ति

विशुद्ध : ओंकारमा छन् जुन मन्त्रशक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति
छन् ध्यानमै जो लय-दान-शक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति

छन् सृष्टिमा प्राकृत मूल-शक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति
धड्किन्छ यै धड्कन भित्र शक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति

आल्हादिनी,जीवन-जीव-शक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति
चैतन्यमा व्याप्त छ सर्वशक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सद्भाव जागेपछि भक्ति जाग्छन्
सद्भक्ति जागेपछि शक्ति जाग्छन्
आत्मा जगाएपछि जाग्छ शक्ति
त्यै शक्ति नै हो कि त पूर्ण भक्ति

विशुद्ध : श्रद्धा जगाऊ - जुन जाग्छ शक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति
सुप्रीति जागे, जुन जाग्छ शक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति

सुस्नेह जागे, जुन जाग्छ शक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति
सद्ज्ञान जागे, जुन जाग्छ शक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति

सत्कर्म जागे, जुन जाग्छ शक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति
चरित्र जागे, जुन जाग्छ शक्ति
त्यै शक्तिको सुन्दर नाम भक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : ज्ञानै विनाको कुन भक्ति गर्ने
ज्ञानै विनाको कति शक्ति भर्ने
सद्ज्ञानसंगै किन? के छ नाता
सम्बन्ध राख्छिन् अनि भक्ति माता

विशुद्ध : लाग्दैन ज्ञानी नभए सुभक्ति
जाग्दैन ज्ञानी नभए सुभक्ति
ज्ञानै नपाए कुन भक्ति गर्छौ
कसोगरी के कति भक्ति गर्छौ

अज्ञानतामा जुन हुन्छ भक्ति
त्यो भक्ति हो केवल अन्धभक्ति
खोज्छौ भने जीवनको सशक्ति
नगर्नु कैल्यै पनि अन्धभक्ति

जस्तै पुकारे पनि चन्द्र आई
झुल्किन्न औंसीहरुमा रमाई
हुन् सत्य-ज्ञानोदित-भक्तिमाता
सद्ज्ञानसंगै यिनको छ नाता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : ज्ञानैविना के कुन कर्म हुन्छ
ज्ञानैविना के कुन धर्म हुन्छ
इच्छा छ जान्ने सब जान्न पाऊँ
र ज्ञानको गौरव मान्न पाऊँ

विशुद्ध : ज्ञानै विना जीवन धान्न गाह्रो
मान्छे भएँ मै पनि भन्न गाह्रो
अज्ञानतामै पशुको छ पाश
निशाचरीको यसमै छ वास

सद्धर्म के हो अनि कर्म के हो
र कर्मको धर्म र मर्म के हो
ज्ञानैविना के कुन कर्म गर्ने
ज्ञानैविना के कति धर्म गर्ने

ज्ञानैविना सुन्दर कर्म हुन्न
अज्ञान-कर्मोन्मुख धर्म हुन्न
राती तिमी वाण यसै चलाई
ताक्छौ तिमी त्यो कुन जीवलाई'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सम्पूर्ण देहस्थित अङ्गले नै
सत्कर्म छोडे पछि संघले नै
कस्तो हुने हो सबको अवस्था
म जान्न पाऊँ यसको व्यवस्था

विशुद्ध : आँखा स्वयंले पनि हेर्न छोडे
र कानले क्यै पनि सुन्न छोडे
ती नाकले गन्धसुगन्ध छोडे
र चर्मले स्पर्श समूल छोडे

जिव्रो स्वयंले रस भोग्न छोडे
र कर्मका इन्द्रिय चल्न छोडे
संकल्प गर्ने मन चल्न छोडे
विचार गर्ने मति बल्न छोडे

यो चित्तले भाव उचाल्न छोडे
अहं स्वयंले गति चाल्न छोडे
त्यो प्राणले नै पनि कर्म छोडे
बाँचिन्न- कर्मोदित धर्म छोडे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : कर्मै भए ज्ञान र भक्ति चल्ने
र जिन्दगीको पनि दीप बल्ने
सत्कर्मको त्यो महिमा अपार
म जान्न पाऊँ अब एकबार

विशुद्ध : कर्मैविना - दर्शन पाइदैन
कर्मैविना - स्पर्शन पाइदैन
छ कर्ममै चेतनको सुगन्ध
कर्मै छुटे जीवन हुन्छ बन्द

सत्कर्म सच्चा रस-माधुरी हो
सत्कर्म नै जीवन-बाँसुरी हो
कर्मैविना ज्ञान हुदैन पूर्ण
र हुन्छ कर्मोदित-ज्ञान पूर्ण

छन् भित्र कर्मोदित-भाव-शक्ति
कर्मैविनाको न त हुन्छ भक्ति
सत्कर्मबाटै सब ज्ञान बल्छन्
सत्कर्मबाटै सब भक्ति चल्छन् '

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : सद्ज्ञान-सद्भक्ति र सत्य कर्म
मिले स्वयं खुल्दछ सत्य धर्म
यही कुरा हो कि त पूर्णसार
म जान्न पाऊँ अब एकबार

विशुद्ध : जो ज्ञानमा भक्ति र कर्म छैन
त्यो ज्ञान पक्कै पनि पूर्ण छैन
जो कर्ममा ज्ञान र भक्ति छैन
त्यो कर्म पक्कै पनि पूर्ण छैन

जो भक्तिमा ज्ञान र कर्म छैन
त्यो भक्ति पक्कै पनि पूर्ण छैन
सद्ज्ञान होस् - भक्ति र कर्मयोग
सद्भक्ति होस् - कर्म र ज्ञानयोग

सत्कर्म होस् ज्ञान र भक्तियोग
त्यै योग नै हो परिपूर्णयोग
यै योग नै केबलपूर्ण ठानी
हिड्छन् सधैं केबल बुद्धिमानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोह्रौं अध्याय

विराज : भो जान्न इच्छा जब एकबार
बढ्दै गयो त्यै किन बारबार
पियूषको नै मदिरा बनाई
प्युँदैछु झैं भो अहिले मलाई

विशुद्ध : ती प्रश्न तिम्रा यति छन् पवित्र
पग्लिन्छ सुन्दै करुणा विचित्र
यो जिन्दगी अमृत हो कि पानी
तड्पिन्छ मान्छे यति नै नजानी

: :

सद्ज्ञानको सुन्दर पात्र पाएँ
चालै नपाई म यसै रसाएँ
पग्ल्यो स्वयं जीवनको मुहान
सत्पात्रमै पस्तछ पूर्ण ज्ञान

बर्षादको मन्सुन झैं मभित्र
बर्षिन्छ ऐले करुणा विचित्र
लिएर जाऊ सब ज्ञान आज
सुम्पिन्छु जम्मै सुन हे विराज !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के हो म जानौं परिपूर्णयोग
त्यो योगमा छन् कति भिन्न योग
सद्योगको शाश्वत धर्म पाऊँ
र योगमा योग बनी विलाऊँ

विशुद्ध : मिल्छन् जहाँ ज्ञान र ज्ञानयोग
मिल्छन् जहाँ भक्ति र भक्तियोग
मिल्छन् जहाँ कर्म र कर्मयोग
मिल्छन् जहाँ धर्म र धर्मयोग

मिल्छन् जहाँ सृष्टि र साँख्ययोग
समाधि - सेवा - हठ - राजयोग
अष्टाङ्ग - अस्पर्श र बुद्धियोग
मिल्छन् जहाँ कौलिक - तन्त्र योग

मिल्छन् जहाँ सूरत - शब्दयोग
संसार- मृत्युञ्जय - सिद्धयोग
अभ्यास - आत्म - ऋजु - मन्त्रयोग
त्यै योग नै हो परिपूर्णयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के हो म जानौं परिपूर्णयोग
मिल्छन् जहाँ गै कति भिन्न योग
त्यो योगको शाश्वत धर्म पाऊँ
र योगमा योग बनी विलाऊँ

विशुद्ध : मिल्छन् जहाँ - ध्यान र धेययोग
राजाधिराज - भृगु - भावयोग
प्रपन्न - वाक्- संयम - पूर्णयोग
ब्रम्हार्पण - प्रेम - विभूतियोग

मिल्छन् - जहाँ अक्षरब्रम्हयोग
मिल्छन् जहाँ ती जप - ब्रम्हयोग
सन्यास - क्रिया - लय - नादयोग
ओंकार - श्रद्धा - शिव - शक्तियोग

मिल्छन् जहाँ तारक - नित्ययोग
ऐश्वर्य - नित्याभि - समत्वयोग
मनो - महा - कुण्डलिनी -सुयोग
त्यै योग नै हो परिपूर्णयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के हो म जानौं परिपूर्णयोग
मिल्छन् जहाँ गै सब धर्मयोग
त्यो योगको सुन्दर धर्म पाऊँ
र योगमा योग बनी विलाऊँ

विशुद्ध : मिल्छन् जहाँ स्पर्श - अभावयोग
ती ज्ञानविज्ञान - विषादयोग
र दुःखसंयोगवियोगयोग
त्यो योग नै हो परिपूर्णयोग

मिल्छन् जहाँ - ती सब धर्मयोग
कबीर - गोरक्ष र जैनयोग
ओशो - प्रणामी - शिख - बौद्धयोग
त्यै योग नै हो परिपूर्णयोग

छन् धर्म धेरै, उपधर्म धेरै
छन् संप्रदायोन्मुख कर्म धेरै
यहाँ कसैको नगरी विरोध
सद्धर्म के हो यतिमात्र सोध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : जो योगमा ज्ञान र भक्ति मिल्छन्
सत्कर्म - धर्मोदित शक्ति मिल्छन्
त्यै योगको जीवन धर्म पाऊँ
र योगमा योग बनी बिलाऊँ

विशुद्ध : संसारमा छन् जति धर्ममार्ग
संसारमा छन् जति योगमार्ग
ती योग मिल्छन् कि त ज्ञानसंग
ती योग मिल्छन् कि त कर्मसंग

ती योग मिल्छन् कि त भक्तिसंग
मिल्छन् कि ती मिश्रित शक्तिसंग
सद्ज्ञान, सद्भक्ति र सत्यकर्म
मिलेर नै बन्दछ सत्य धर्म

दशाङ्गको नै परिपूर्ण मार्ग
हो धर्मको सुन्दर राजमार्ग
यहीं सबै धर्म र योग मिल्छन्
तत्काल नै जीवनभोग मिल्छन् '

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्रौं अध्याय

विराज : इच्छा छ जान्ने अहिले मसङ्ग
दशाङ्गका सुन्दर अङ्गअङ्ग
आरम्भ गर्दा यसको प्रसङ्ग
म जान्न पाऊँ पहिलो सुअङ्ग

विशुद्ध : महाव्रती - भै व्रत ली - अहिंसा
नगर्नु कैल्यै पनि जीवहिंसा
महाव्रती भै - गर, बोल सत्य
हटाउदै जे जति छन् असत्य

अस्तेयको सद्व्रतमा व्रती भै
बस्नु स्वयं नै अपरिग्रही भै
त्यो ब्रम्हचर्य व्रत पूर्ण पारी
आचारले नै बन ब्रम्हचारी

दशाङ्गमध्ये यम भन्ने यै हो
महाव्रतीको व्रत भन्ने यै हो
यो जिन्दगीको पहिलो तला हो
चरित्रको यै पहिलो कला हो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : चल्दैछ मेरो मनमा तरङ्ग
दोस्रो हुने हो कुन पूर्ण अङ्ग
त्यो अङ्गलाई पनि जान्न पाऊँ
त्यसैगरी जीवन धान्न पाऊँ

विशुद्ध : पवित्र हौ बाहिर-भित्रबाट
सन्तोष लेऊ सुखदुःखबाट
यो जिन्दगानी तपमा तपाई
समाल लौ संयम-धर्मलाई

स्वाध्यायमा तल्लिन भै रमाऊ
सद्ज्ञानमा ईश्वर खोज्न जाऊ
लगाउदै ईश्वरमा सुभक्ति
स्वयं,स्वयंमा भर पूर्ण भक्ति

आचार यै होस् अनि यै चरित्र
पवित्र बन्छौ यसबाट भित्र
दशाङ्गको यो नियमै बनाऊ
सुखी बनी जीवनमा रमाऊ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : खुल्दैछ मेरो मनमा प्रसङ्ग
जानौं म तेस्रो कुन हुन्छ अङ्ग
त्यो अङ्गलाई पनि पूर्ण जानी
सपार्न पाऊँ अब जिन्दगानी

विशुद्ध : चलाउदै पार्थिव देहलाई
नाडी-नसा स्वस्थ सधैं बनाई
शरीर होस् सुन्दर कर्मयोग्य
होस् शक्तिशाली अनि धर्मयोग्य

बनुन् निरोगी सब अङ्गअङ्ग
सम्बन्ध राखुन् परमात्मसंग
बर्षोस् सधैं नै सुख भित्रभित्र
यै लक्ष्य हो आसनको पवित्र

असंख्य छन् आसनका प्रकार
जानिन्न जम्मै बुझ खालि सार
विशुद्ध-योगासन-चक्र जानी
सपार आफ्नो अब जिन्दगानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : विशुद्ध-योगासन-चक्रभित्र
पस्ने कसोरी हुनगै पवित्र
म स्वास्थ्य पाऊँ, अनि शुद्धि पाऊँ
मैभित्र पस्ने गति-बुद्धि पाऊँ

विशुद्ध : षट्कर्मले स्वास्थ्य र शुद्धि पाई
जानीबुझी कुण्डलिनी जगाई
सशक्ति - आफैं गर सुक्ष्मयोग
र गर्नु योगासनपूर्ण - योग

शरीर नै हो सब ज्ञान साध्ने
शरीर नै हो सब भक्ति साध्ने
शरीर नै हो सब कर्म साध्ने
शरीर नै हो सब धर्म साध्ने

शरीर नै हो सब योग साध्ने
शरीर नै हो सब भोग साध्ने
शरीर सुस्वस्थ र शुद्ध पार
र धर्म यै जीवनमा उतार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : षट्कर्म के हो परिपूर्ण जानी
सुस्वस्थ पारौं अनि जिन्दगानी
षट्कर्मको वर्तन पूर्ण हाली
जागोस् सधैं जीवन दीपबाली

विशुद्ध : षट्कर्म नै हो मल-रोग हर्ने
शरीरलाई पनि शुद्ध गर्ने
ज्ञातासितै गै सिक एकवार
सिकेर आफै गर बारबार

कैले गरी त्राटक-वस्ति-कर्म
कैले गरी सुन्दर नौलि-कर्म
गरेर कैले जल-वस्त्र-धौति
गरेर कैले जल-सूत्र- नेति

कैले स्वयं गर्नु कपालभाति
षट्कर्म बन्छन् बुझ दिव्य साथी
षट्कर्मको वर्तन पूर्ण हाली
जाऊ उँभो जीवन-दीप बाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : के हो म जानौं अब सुक्ष्मयोग
गर्ने कसोरी कुन हो प्रयोग
यो योगमा के कुन हुन्छ तत्व
यो योगले राख्तछ के महत्व

विशुद्ध : छन् देहभित्र कति पूर्ण अङ्ग
छन् कर्म भिन्नै सब अङ्गसंग
व्यायाम देऊ सब अङ्गलाई
सचेतता चेतनमा जगाई

यो योग - योगासन भिन्न योग
स्वतन्त्र - संस्कारित - सुक्ष्मयोग
नखोज केही यसको विधान
गतिस्थिति द्यौ - यति मात्र जान

यो योगले चुम्दछ - अङ्गअङ्ग
र जाग्छ अङ्गी पनि अङ्गसंग
छन् अङ्गमै स्वास्थ्य र शुद्धितत्व
यो योगले राख्छ सधै महत्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : गति स्वयं हो स्थितिबाट भिन्न
स्थिति स्वयं हो गतिबाट भिन्न
बुझिन्छ सुन्दै पनि भिन्नभिन्न
बन्छन् कसोरी दुइटै अभिन्न

विशुद्ध : गति स्वयं हो बुझ जिन्दगानी
स्थिति स्वयं हो बुझ जिन्दगानी
यो जिन्दगानी गति मात्र हैन
यो जिन्दगानी स्थितिमात्र छैन

स्थिति स्वयंमा गति चल्छ भित्र
गति स्वयंमा स्थिति बल्छ भित्र
म दिन्छु योगासन सिद्ध ठानी
स्वीकार ऐले द्विविधा नमानी

सद्‌योग - योगासन - सिद्धजन्म
मिल्दैन घुम्दा पनि जन्मजन्म
म दिन्छु सिद्धासन सत्य ठानी
स्वीकार ऐले द्विविधा नमानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : गति स्वयंमा स्थितिशील बन्ने
स्थिति स्वयंमा गतिशील बन्ने
विशुद्ध योगासन जान्न पाऊँ
जांनी स्वयंले पनि धान्न पाऊँ

विशुद्ध : गति स्वयं होस् गतिशील धर्म
स्थिति स्वयं होस् स्थितिकै स्वधर्म
गति, स्थिति होस्-स्थितिमा गति त्यो
विशुद्ध-योगासन-पद्धति त्यो

जाऊ तिमी नै गतितर्फ पूर्ण
स्वीकार गर्दै स्थिति भित्र पूर्ण
समेट आफ्नै गति फेरि पूर्ण
जाऊ स्वयं नै स्थिति तर्फ पूर्ण

प्रयोगको सिद्धि र शुद्धिबाट
म दिन्छु वैज्ञानिक ढङ्गबाट
स्वीकार यै आसनको विधान
बन्नेछ यो जीवन दिव्य मान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : स्थिति स्वयंमा गतिशील बन्दै
गति स्वयंमा स्थितिशील बन्दै
जगाउने हो कति सम्म शक्ति
र भित्र लाऊँ कति सम्म शक्ति

विशुद्ध : जगाउदै ज्ञान र भक्तिलाई
जगाउदै चेतन शक्तिलाई
स्थिति स्वयंमा गतिशील बन्नु
गति स्वयंमा स्थितिशील बन्नु

साष्टाङ्ग गर्दै पर लम्पसार
र प्राणले चेतन शुद्ध पार
दाया र वाया दुइ शीत-मुद्रा
स्वीकार आनन्द लिएर मुद्रा

उत्तानु पर्दै पर लम्पसार
शवासनैमा बस एकवार
चैतन्य खोज्दै अब भित्र लाग
सभक्ति सामान्य बनेर जाग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : गति स्वयंमै अविराम चल्ने
स्थिति स्वयंमै अविराम बल्ने
विशुद्ध-योगासन-चक्र जानी
बनौं म आफैं पनि भाग्यमानी

विशुद्ध : बृक्ष- द्विकोणासन गर्नु पैले
गर्नु त्रिकोणासन फेरि ऐले
त्यो अर्धचन्द्रासन गर्नु हेरी
र पादहस्तासन गर्नु फेरि

सुपश्चिमोत्तासन - ब्रम्हचर्य
सुउष्ट्रिका-गोमुख-पद्म - मत्स्य
र कर्णपीडासन-वज्र गर्ने
मयूर-नौका-धनु-चक्र गर्ने

वायुप्रमुक्तासन-कुर्म गर्ने
सर्वाङ्ग-शीर्षासन-सर्प गर्ने
यी मुख्य हुन्- आसन, गर्नु पर्ने
गर्दा सबै नै गुरुसंग गर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : पर्दैन के आसन छान्नलाई
शंका भयो खै ! किन हो मलाई
सकेर ती आसन एकएक
जाने कता हो दिनुहोस् विवेक

विशुद्ध : सकेर ती आसन एकवार
शवासनैमा पर लम्पसार
चैतन्य खोज्दै अनि भित्र लाग
सभक्ति सामान्य बनेर जाग

शरीरको त्यो स्थिति पूर्ण हेरी
छानेर नै आसन गर्नु फेरि
छान्नै नजाने गुरुसंग जाऊ
छानेर योगासनमा रमाऊ

यो स्थिरताको गतिशील योग
सिकेर पैले पछि गर्नु योग
जान्दै नजाने हुन सक्छ हानी
जानी गरे बन्दछ जिन्दगानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : जान्दै नजान्दा हुन सक्छ हानी
जानी गरे बन्दछ जिन्दगानी
त्यो योगको सुन्दर सूत्र जानी
म बन्न पाऊँ अब भाग्यमानी

विशुद्ध : शरीरको त्यो गति वा झुकाई
त्यो रक्तको वेग र सासलाई
संकल्पले यै मनमा मिलाई
जोडेर आत्मा गर योगलाई

यी पाँचकों यौगिक-योग गर्ने
त्यो योग योगासनभित्र गर्ने
विशुद्ध योगासन सूत्र नै हो*
मानिसको केवल मित्र यै हो

विशुद्ध- धर्मोन्मुख योगसूत्र
यो सूत्रभन्दा अरु छैन मित्र
यो सूत्र नै जीवनमा उतार
र जिन्दगानी परिपूर्ण पार

* हो, तीन बि. एम्. एस. सूत्र यै हो
(3B + MS)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : त्रिअङ्ग जानें र बुझें प्रसङ्ग
जानौं म चौंथो परिपूर्ण अङ्ग
त्यो अङ्गलाई पनि पूर्ण ठानी
म चुम्छु मेरै अब जिन्दगानी

विशुद्ध : हो प्राण नै जीवन-सत्य ठान
आयाम गर्ने विधि पूर्ण जान
शरीरको त्यो स्थिति पूर्ण हेरी
आयाम छानी गर सिद्ध फेरि

आयाम जान्ने गुरुसंग जाऊ
आयाम छानेर सधैं लगाऊ
आयामसंगै अझ भित्र जाऊ
र प्राणलाई सजिलै समाऊ

लाऊ तिमी - पूरक सास तान्दै
लाऊ तिमी कुम्भक - सास रोक्तै
लाऊ तिमी रेचक - सास फाल्दै
जाऊ तिमी चेतन - दीप बाल्दै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : आयामसंगै चलिदिन्छ सास
आयामसंगै बलिदिन्छ सास
आयामका ती सविधि प्रकार
म जान्न पाऊँ अब एकबार

विशुद्ध : आयाम गर्ने विधि छन् विभिन्न
सिक्नु स्वयंले सब भिन्नभिन्न
सिकी सबै नै उपयुक्त छानी
गर्नु सधैं झन्झट लौ ! नमानी

त्यो भस्त्रिका - शीतल - चन्द्र - सूर्य
र सूर्य भेदी गर राख धैर्य
आयाम लाऊ बन बुद्धिमान
भयो - भयो जीवन धन्य ठान

त्यो प्राण तान्ने विधि जान्नु राम्रो
त्यो प्राण रोक्ने विधि जान्नु राम्रो
त्यो प्राण छोड्ने विधि जान्नु राम्रो
र प्राण जोड्ने विधि जान्नु राम्रो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : त्यो प्राणलाई परिपूर्ण तान्ने
तानी स्वयंले अझ भित्र रोक्ने
छोडेर रोक्ने विधि पूर्ण जानी
आयाम गर्छन् किन भाग्यमानी

विशुद्ध : विधि स्वयंले परिपूर्ण जानी
आयाम लाऊ बन भाग्यमानी
त्यो प्राण संस्कारित बन्छ जैले
रोकिन्छ जम्मै मन-चित्त तैले

अहं स्वयंकै गति रोक्किनाले
र प्राण भित्रैतिर ठोक्किनाले
जाग्नेछ जो प्राणज दिव्यशक्ति
त्यै शक्ति हो कुण्डलिनी-सुशक्ति

छ शक्ति चक्रान्तरमा बनेको
र नाममा कुण्डलिनी भनेको
त्यो शक्ति जाग्यो बुझ जीव जाग्यो
र जीव आफैं शिव तर्फ लाग्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : मूलस्थ चक्रान्तरमा बनेको
के शक्ति हो कुण्डलिनी भनेको
त्यो शक्तिको धर्म र कर्मलाई
इच्छा छ जान्ने अहिले मलाई

विशुद्ध : त्यै कुण्डलाकार अजस्र शक्ति
त्यै हो परं प्राकृत मूलशक्ति
त्यै हो परं जीवन-जीवशक्ति
र सार-विस्तारित-केन्द्रशक्ति

त्यै हो परं ज्ञान र कर्मशक्ति
त्यै हो परं भाव र भक्तिशक्ति
त्यै हो परं तन्त्र र मन्त्रशक्ति
र देहको शाश्वत यन्त्रशक्ति

त्यै हो परं ध्यान र योगशक्ति
त्यै हो परं शाश्वत ब्रम्हशक्ति
त्यै शक्ति जागे बुझ जीव जाग्यो
र जीव जागी शिवतर्फ लाग्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : त्यो कुण्डली-प्राणज शक्ति घुम्ने
के चक्र हुन् जीवनशक्ति चुम्ने
ती चक्रका धर्म र मर्म जानी
म बन्न पाऊँ अब भाग्यमानी

विशुद्ध : असंख्य छन् स्नायु शरीरभित्र
छ कर्म आफ्नै सबको विचित्र
ती स्नायुमध्ये बुझ तीन नाडी
सशक्तिका संगम- मूलनाडी

ईडा, सुषुम्ना अनि पिङ्गलाको
भो भेट, भोचक्र उही थलाको
हुन् चक्र स्नायाविक मर्मकेन्द्र
हुन् शक्तिका संगम-धर्मकेन्द्र

षट्चक्र बन्ने विधि यै छ भित्र
षट्चक्रमै घुम्दछ जीव भित्र
षट्चक्र नाघ्यो जब शक्ति आई
भो मुक्त आत्मा परमात्म पाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : षट्चक्रभन्दा पर के छ चक्र
त्यै चक्र नै हो कि त ब्रम्हचक्र
त्यो चक्रको नाम र काम जानी
पुगी बनौं मै पनि भाग्यमानी

विशुद्ध : छ ब्रम्हरन्ध्रस्थित शून्यचक्र
त्यै चक्र हो अन्तिम ब्रम्हचक्र
त्यै हो सहस्रार, समाल लक्ष्य
समाधि त्यै हो, त्यसमै छ मोक्ष

मिल्छन् त्यहीं प्राण समष्टिसंग
मिल्छन् त्यहीं नै शिव जीवसंग
हो कुण्डली प्राणज जीवशक्ति
र जीवको जाग्रत चेतशक्ति

अन्धो बनी केबल कल्पनामा
बग्दै यसै केवल भावनामा
अनेक अर्थ त्यसको नलाऊँ
हो कुण्डली - जीवनशक्ति पाऊँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : जानें, बुझें केवल चार अङ्ग
जानौं म पाँचौ परिपूर्ण अङ्ग
त्यो अङ्गलाई परिपूर्ण ठानी
म चुम्छु मेरै अब जिन्दगानी

विशुद्ध : स्वामी बनी इन्द्रियमाथि चढ्दै
लगाम खिच्तै अलिभित्र बढ्दै
पुग्नु त्यहा हुन्छ जहाँ तबेला
र बाँध घोडा नगरी अबेला

घोडा न हुन्, इन्द्रिय भाग्न खोज्छन्
यताउता बाहिर लाग्न खोज्छन्
लगाम लाऊ लग चित्तभित्र
र बाँध घोडा स्थिर हौ विचित्र

हुदैन है इन्द्रिय दास बन्नु
अशान्त - उन्मत्त - उदास बन्नु
स्वामी बनी इन्द्रिय हाँक आज
स्वयं स्वयंको बन तीर्थराज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : मनै त हो इन्द्रिय हाँक्न खोज्ने
साम्राज्यको समृद्धि ताक्न खोज्ने
स्वामी बनी त्यो मन हाँक्न ऐले
के गर्नु पर्ला कतिबेर मैले

विशुद्ध : त्यो सुक्ष्म-देहस्थ छ जो स्वभाव
सम्पूर्ण हो कारणकै प्रभाव
प्रभावको कल्मष मेट्न जाऊ
भै तीर्थ,तीर्थैसित मिल्न जाऊ

त्रिबन्ध लाऊ अझ बारबार
भै शुद्ध आफैं सब शुद्ध पार
भित्रै नुहाऊ सब तीर्थ ठानी
हो तीर्थ जाने पछि जिन्दगानी

मुद्रा लगाऊ जुन लाग्छ राम्रो
हुदैन कैल्यै त्यसले नराम्रो
स्वामी बनी त्यो मन हाँक आज
स्वयँ स्वयंको बन तीर्थराज

श्री १००८ विराजोपनिषद् २३३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : दशाङ्गमध्ये सब पञ्चअङ्ग
जानें, बुझें सुन्दर ती प्रसङ्ग
त्यो अङ्ग छैटौं पनि पूर्ण जानी
म चुम्न पाऊँ अब जिन्दगानी

विशुद्ध : पवित्र भै बाहिरभित्र जम्मै
स्वचित्त राखी वशमा अचम्मै
हल्का भए देह र अङ्गअङ्ग
जागा भए चेतनका तरङ्ग

स्वधेयको जगमग रुप हेरी
स्वचित्तमा धारण गर्नु फेरि
छन् धर्म धेयाश्रित केन्द्रभित्रै
सचेत भै खोज्नु छ भित्रभित्रै

षट्चक्र धेयाश्रित केन्द्र मान
र चक्र "आज्ञा" अझ दिव्य ठान
सुकेन्द्रमा केबल धेय ताक
त्यहीं लगी सुस्थिर चित्त राख

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : षडाङ्ग जानें अब सप्तअंग
म जान्न पाऊँ यसको प्रसंग
त्यो अंग सातौं पनि पूर्ण जानी
म चुम्न पाऊँ अब जिन्दगानी

विशुद्ध : सुकेन्द्रमा केवल धेय ताक
र धेयमा सुस्थिर चित्त राख
अखण्ड होस् धारणको प्रवाह
त्यै ध्यान हो जो हुन गो अथाह

उन्मुक्त-आनन्दित यो अवस्था
चैतन्य-ज्ञानोदयको अवस्था
अखण्ड-एकाग्र-मनोदशा हो
यही परं जागृतिको दशा हो

जस्तो छ धेय मन बन्छ उस्तै
अङ्गार आगो बनिदिन्छ जस्तै
भो चित्तको नै लय धेयभित्र
भो ध्यान आफैं स्थितिमा विचित्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : त्यो ध्यान चाँडो कसरी लगाऊँ
र मन्त्र केही छ भने म पाऊँ
त्यो मन्त्रको शाश्वत सार जानी
म चुम्न पाऊँ अब जिन्दगानी

विशुद्ध : ओंकार हो चिन्मय तत्व मान
ओंकार-विज्ञान-विशेष जान
ओंकार नै हो बुझ बीजमन्त्र
ओंकार भन्दा पर छैन मन्त्र

ओंकार जप्ने विधि पूर्ण पार
ओंकार जप्ने गर बारबार
त्यै प्राणसंगै परिपूर्ण जाग
र ध्यान गर्दै अब भित्र लाग

ओंकारले जाग्दछ तीव्र शक्ति
र ध्यानमा लाग्दछ जीवशक्ति
ओंकारमा गर्दछ जीवयोग
समाधिको मिल्छ यहीं सुयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : समाधि के हो अनि भित्र के छ
म जान्न पाऊँ यसभित्र जे छ
बुझौं म यो अष्टम अंगलाई
चुमोस् सधैं नै यसले मलाई

विशुद्ध : त्यो ध्यान जैले परिपक्व बन्छ
र ध्यान जैले परिपूर्ण बन्छ
ध्याता स्वयं ध्यान र धेय बन्छ
समाधि यै हो, जुन पूर्ण बन्छ

तुरीय यै हो अनि उन्मनी यै
निर्वाण, कैवल्य र मुक्ति हो यै
यहीं हुने हो बुझ आत्मबोध
यहीं हुने हो परमात्मबोध

छ देह भन्दा पर यो अवस्था
छ जीव भन्दा पर यो अवस्था
विशुद्ध चैतन्य र चेतयोग
भयो कि भो त्यै शिवजीवयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : समाधिमा के सब धर्म मिल्छन्
समाधिमै के सब योग मिल्छन्
समाधि पाई जति जाग्न थाल्छन्
समाजबाटै किन भाग्न थाल्छन्

विशुद्ध : समाधिलाई स्वयमेव भोग
मिल्छन् जहाँ गै सब दिव्य योग
समाधिमै पूर्ण छ ज्ञानयोग
समाधिमै पूर्ण छ भक्तियोग

समाधिमै पूर्ण छ कर्मयोग
समाधिमै छन् सब धर्मयोग
समाधि के हो सकिदैन भन्न
यो चाख आफैं परिपूर्ण बन्न

समाधिले मानिस पूर्ण जाग्छ
जागी सुशान्त स्थलतर्फ लाग्छ
जाग्ने स्वयं नै जब भाग्न थाल्छन्
समाजमा विकृति लाग्न थाल्छन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : समाधि भेटी जब जाग्छ मान्छे
जाग्यो कि आफैं किन भाग्छ मान्छे
रहस्य के हो सब जान्न पाऊँ
जानी-बुझी जीवन धान्न पाऊँ

विशुद्ध : समाधिमै खुल्दछ आत्मतत्व
र खुल्छ आफैं परमात्मतत्व
त्यो तत्व पाए पनि एकबार
संसारले खेद्दछ बारबार

असार जागे पछि सार भाग्छ
असार भागे पछि सार जाग्छ
संसार,जो लाग्दछ हो-असार
असारमा ऊ नत देख्छ सार

असारले खोस्छ कि सारलाई
भन्ने डरैले अति नै डराई
समाधि-लाग्ने, अझ जाग्न खोज्छन्
तसर्थ आफैं पर भाग्न खोज्छन् '

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : जागा बनी केबल ज्ञान बोकी
भाग्नु स्वयं नै उपयुक्त हो कि
स्वयं स्वयंको जब भो विधाता
जाग्ने र भाग्नेसित के छ नाता

विशुद्ध : समाधि हो जीवनबाट जाग्नु
नसम्झ यो जीवनबाट भाग्नु
बसी जगत्मै सब जाग्नु पर्छ
जागी जगाई अघि लाग्नु पर्छ

असार भित्रै चुम सार तानी
दूधै खिची केबल छोड पानी
समाधि पक्का गर हे विराज !
पक्का बनिद्यौ अनि हंसराज

जाग्नु स्वयंमा पनि भाग्नु हैन
भाग्नु स्वयंमा पनि जाग्नु हैन
समाधिमा गै नत रोक्नु यात्रा
समाधिमा गै नत बोक्नु यात्रा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : समाधि भन्दा पर के छ अङ्ग
म जान्न पाऊँ त्यसको प्रंसङ्ग
दशाङ्गमध्ये नवमाङ्ग जानी
बनौं स्वयं मै पनि भाग्यमानी

विशुद्ध : समाधिको पूर्ण र नित्यभाव
प्रशान्तताको बुझ हो स्वभाव
प्रशान्त भावोदित जिन्दगानी
विग्रन्न आउन् जति घामपानी

समाधि भेटेपछि एकबार
साधी सधैं पूर्ण र नित्य पारः
जागी स्वयं नै दुनियाँ जगाई
लाग्दैनलागोस् मनमा थकाई

सभाधिमा नै यतिपूर्ण बन्ने
होस् बुद्धि कैल्यै धमिलो नबन्ने
हौ घाम आफैं पनि जाग्नसक्ने
जागी समाजैतिर लाग्नसक्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : प्रशान्तभावोदित अङ्गलाई
इच्छा छ जान्ने अब यै मलाई
दशाङ्गमध्ये दशमाङ्ग जानी
म बन्न पाऊँ अब भाग्यमानी

विशुद्ध : प्रशान्तताको व्यवहार पक्ष
आदर्श हो यै बुझ पूर्ण लक्ष्य
समाधिलाई परिपक्क पार
र यो स्वयं जीवनमा उतार

समाधिको नै समबुद्धि बोकी
पलापलामै समशुद्धि बोकी
संसार योगस्थितिभित्र भोग
कि भोग नै होस् परिपूर्णयोग

कैल्यै नहोस् जीवनभिन्न योग
र भोग कैल्यै न त होस् वियोग
समाधिमै पुष्पित होस् जवानी
होस् योग-योगैमय जिन्दगानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : आदर्शभन्दा पर के छ जान्ने
आदर्श भन्दा पर के छ मान्ने
आदर्शलाई परिपूर्ण ठानी
सुम्पें स्वयंले अब जिन्दगानी

विशुद्ध : आदर्श नै हो परिपूर्णयोग
दशाङ्ग यै, यै बुझ धर्मयोग
अध्यात्ममा भौतिकयोग यै हो
चरित्रकोसुन्दर योग यै हो

आदर्शभन्दा पर ज्ञान छैन
आदर्शभन्दा पर भक्ति छैन
आदर्शभन्दा पर कर्म छैन
आदर्शभन्दा पर धर्म छैन

आदर्श हो मानवको चरित्र
चरित्रले मानव बन्छ मित्र
आदर्शले पूर्ण भए चरित्र
मान्छे महामानव बन्छ भित्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अठारौं अध्याय

विशुद्ध : संसारमा जीवन जान्न खोज्ने
मान्छे कमै छन् गुरु मान्न खोज्ने
जो ज्ञान सुम्पें यतिसम्म मैले
शंका भए क्यै अभ्र सोध ऐले

विराज : सद्ज्ञान पाएँ जतिसम्म मैले
शंका कुनै क्यै पनि छैन ऐले
प्रकाश आयो कि निशा हरायो
र जिन्दगीले नवरङ्ग पायो

विश्वास मैले मसितै गुमाई
शंका थियो मैसित नै मलाई
थिएन यो जीवनभित्र मूल्य
यै जिन्दगी भो अहिले अमूल्य

आफैं म आफ्नो मनमा हराई
खोज्थें म आफैंसित मै मलाई
मेरो भयो मैसित भेट आज
छर्लङ्ग भो के रछ यो विराज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराज : गुरु स्वयंको ऋणबाट मुक्ति
मिल्ने कसोरी अनि के छ जुक्ति
दिऊँ म के खै ! गुरुदक्षिणामा
प्रदक्षिणा गर्छु म दक्षिणामा

विशुद्ध : जाग्यौ तिमी जगमग दीपतुल्य
तिम्रो छ यो जीवन नै अमूल्य
सद्ज्ञानको वर्तन पूर्ण हाली
जाऊ बनी दीपक ! दीप बाली

ती धर्मका जंगलमै हराई
मान्छे रुँदैछन् अति नै कराई
बाटो चिनाऊ अब दीप बाली
पाऊन् सबैले सुख-शान्ति खाली

ढली यसै मूर्छित भै चरित्र
दु:खी छ ऐले दुनियाँ विचित्र
चरित्र चाँडै अब गै जगाऊ
आँसू पुछी मानव भै सघाऊ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरुस्तुति

विराज : साकार बन्ने गुरु ज्ञानतत्व
साकार बन्ने गुरु भक्तितत्व
साकार बन्ने गुरु कर्मतत्व
साकार बन्ने गुरु धर्मतत्व

साकार बन्ने गुरु शक्तितत्व
साकार बन्ने गुरु आत्मतत्व
गुरु स्वयं हुन् परामात्मतत्व
हुन् सच्चिदानन्द-विशुद्धतत्व

असारमा भो गुरुको महत्व
र सारमा भो गुरुको महत्व
गुरु स्वयंको महिमा अपार
बुझेर को सक्तछ गर्न पार

गुरुत्व होस् गौरवपूर्ण साथी
होस् कर्मको दीपक-शुद्ध बाती
सद्भक्तिको वर्तन पूर्ण हाली
जागौं म ज्ञानोदित दीप बाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृपा सधैं नै गुरुको म पाऊँ
र ज्ञान-गंगाहरुमै रमाऊँ
जाऊँ म यो जीवनबाट पारी
आदर्श यै जीवनमा उतारी

प्रणाम गर्दै अब बारबार
सुम्पिन्छु यो जीवनको म भार
नहोस् कतै जीवनमा अशान्ति
होस् शान्ति,चारैतिर होस् सुशान्ति

ॐ गुरुपरमात्मने नम : ॐ विशुद्धाय नम :

ॐ शान्तिः शान्तिः शान्तिः

इति विशुद्धविराजसुंवादात्मकविशुद्धोपनिषद् सम्पूर्ण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ गुरूपरमात्मने नमः
ॐ विशुद्धाय नमः

मस्तिष्कमा समझदारी .

काँधमा जिम्मेवारी ..

हृदयमा इमान्दारी ...

-स्वामी विशुद्धदेव

Jayatu Sanskritam, Kathmandu, Nepal